



# राष्ट्रिय गान

सयौ थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेचि–महाकाली ।

प्रकृतिका कोटी–कोटी, सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो, मातृभूमि नेपाल ।

बहुल जाति, भाषा धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

---

# सहकारीका सात सिद्धान्तहरु:

१) **स्वैच्छिक तथा खुल्ला सदस्य** (Voluntary and Open Membership)

२) **सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण** (Democratic Member Control)

३) **सदस्यहरुको आर्थिक सहभागिता** (Member's Economoic Participation)

४) **स्वायत्तता तथा आत्मनिर्भता** (Autonomy and Independence)

५) **शिक्षा, तालिम तथा सूचना** - (Educatiion, Training and Information)

६) **सहकारीहरु बिच आपसी सहयोग** (Cooperation among Cooperatives)

७) **समुदाय प्रति चासो** (Concern for Community)

# बिशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Bishal Saving & Credit Co-operative Society Ltd.

**पोखरा म.न.पा.-४, बुद्ध विशाल बजार, कास्की**

पत्र संख्याः

चलानी नं.: मितिः

**श्री सदस्यज्यू,**

**विषयः २६ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारेमा।**

महोदय,

प्रस्तुत विषयमा यस विशाल बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/०५/१९ गते बसेको संचालक समितिको बैठक नं. २४५ को निर्णय अनुसार निम्न मिति, समय र स्थानमा २६ औं वार्षिक साधारण सभामा तपसिलका विषयवस्तु उपर छलफल र निर्णय गर्न बस्ने भएको हुँदा यहाँको गरिमामय उपस्थितिको निमित्त हार्दिक अनुरोध गर्दछु।

**छलफलका विषयहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल र पारित।
२) लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट संयोजकज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित।
३) आ.व. ०८१/०८२ को कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत र पारित।
४) आ.व. ०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन प्रस्तुत र पारित।
५) आ.व. ०८२/०८३ को वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत पारित।
६) आ.व. ०८२/०८३ को निम्ति लेखापरीक्षकको नियुक्ति र पारिश्रमीक तोक्ने।
७) बचत नीति/ऋण नीति पुर्नलेखन तथा थप कार्यविधि अनुमोदन।
८) सदस्यज्यूहरुको सुझाव सम्बन्धमा।
९) संचालक समिति विविध निर्णयहरु अनुमोदन सम्बन्धमा।
१०) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने सदस्यहरुको नियुक्ति गर्ने।

**कार्यक्रमः**

मिति : २०८२ कार्तिक २२ गते शनिबार (तदनुसार 8th Nov, 2025)
समय : बिहान ८:३० बजे
स्थान : एस.आर.के.सी. बैङ्क्यूट, पोखरा-११, फूलबारी (CTEVT को कार्यालय नजिक, उत्तरतर्फ)

**नोटः** २६ औं वार्षिक साधारण सभामा दश जोड-२ (प्रमाणपत्र तह) मा सर्वोकृष्ट अंक ल्याउने २ जना छात्र र २ जना छात्रा र स्नातक तह (डिप्लोमा) मा सर्वोकृष्ट अंक ल्याउने २ जना छात्र र छात्रा, स्नाकोत्तर (मास्टर) मा २ जना छात्र र २ जना छात्रा तथा ७० वर्ष उमेर पूरा गर्नुभएका सदस्यहज्यूहरुलाई नगद पुरस्कार सहित सम्मान गरिने कार्यक्रम रहेको हुँदा मिति २०८२/०७/१६ गते भित्र कार्यालय समयमा आवश्यक कागजात संस्थामा बुझाईदिनुहुनु अनुरोध गरिन्छ। यस संस्थाका सदस्यज्यूहरु कुनैपनि सामाजिक संघ संस्थामा निर्वाचित वा मनोनित हुनुभएको छ वा कुनै विशिष्ट उपाधिहरु प्राप्त गर्नुभएको छ भने संस्थाले सम्मान गर्ने कार्यविधि बनाएको हुँदा यस सम्बन्धमा संस्थालाई जानकारी गराईदिनुहुन अनुरोध गर्दछौं।

२६ औं वार्षिक साधारण सभाको प्रतिवेदन मिति २०८२/०७/०९ गतेबाट संस्थामा उपलब्ध हुने जानकारी गराउँदै विशेष प्रस्ताव एवं सुझावहरु भएमा २०८२/०७/१६ गते भित्र दर्ता गराउनुहुन अनुरोध गर्दछौं।

**प्रदिप कुमार मुल्मी**
**सचिव**
**संचालक समितिको आज्ञाले**

# बिशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Bishal Saving & Credit Co-operative Society Ltd.

**२६ औं वार्षिक साधारण सभा**

**कार्यक्रम तालिका**

**२०८२ कार्तिक २२ गते शनिबार (8th Nov- 2025)**

**पहिलो सत्र**

| | | | |
|---|---|---|---|
| बिहान | ८:३० | : | रजिष्ट्रेसन/चियापान |
| | ९:३० | : | आसन ग्रहण |
| | ९:४० | : | राष्ट्रिय गान |
| | ९:४५ | : | सहकारीका सिद्धान्त वाचन |
| | ९:५० | : | स्वागत मनतव्य |
| | १०:०० | : | कार्यक्रम उदघाटन |
| | १०:१० | : | अध्यक्षको प्रतिवेदन प्रस्तुत |
| | १०:३० | : | सम्मान तथा पुरस्कार वितरण |
| | ११:१५ | : | सहकारी मन्तव्य (सल्लाहकारज्यू/सदस्यज्यूहरु) |
| | १२:१५ | : | पहिलो सत्र अन्त्य (खाना) |

**दोस्रो सत्र**

| | | | |
|---|---|---|---|
| अपरान्ह | १:३० | : | सभाहलमा प्रवेश |
| | १:४० | : | आसन ग्रहण |
| | १:४५ | : | लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत र पारित गर्ने |
| | २:१५ | : | लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने |
| | २:२५ | : | कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत र पारित गर्ने |
| | २:४५ | : | लेखा परिक्षको नियूक्ति एवंम पारिश्रमीक तोक्ने |
| | २:५० | : | ऋण उपसमितिको प्रतिवेदन प्रस्तुत र पारित |
| | ३:०५ | : | शिक्षा उपसमितिको प्रतिवेदन प्रस्तुत र पारित |
| | ३:२५ | : | अध्यक्षको प्रतिवेदन पारित |
| | ३:३० | : | सदस्य सुझाव सम्बन्धमा |
| | ३:४५ | : | साधारण सभाको निर्णय पुस्तिकामा हस्तान्तरण गर्ने सदस्यहरुको चयन सम्बन्धमा |
| | ४:०० | : | समापन/चियापान |

## २६ औं वार्षिक साधारण सभा सम्बन्धी विशेष जानकारी

१. सदस्यज्यूहरुले २६ औं वार्षिक साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा मिति २०८२ कार्तिक १६ गते भित्र राखिसक्नु पर्नेछ।

२. सदस्य राहत कोष अन्तर्गतका सहयोगको कार्यहरुको निमित्त सम्बन्धित सदस्य वा निजको परिवारलाई जानकारी गराई आमन्त्रित गरिनेछ।

३. सम्मानित हुने सदस्यज्यूहरुलाई अग्रिम जानकारी संस्था मार्फत गराईनेछ।

४. बाल बचतकर्ता बाहेक ८ वर्षभन्दा माथिका बाबु नानीहरुलाई वार्षिक साधारण सभामा उपस्थित नगराईदिनुहुन अनुरोध गर्दछौं ।

५. वार्षिक पेन्सन प्राप्त गर्ने ज्येष्ठ सदस्यज्यूहरुलाई विगतका वर्षहरुमा जस्तै गरी सम्मान सहित पेन्सन वितरण गरिने जानकारी गराउँदछौं ।

६. २६ औं वार्षिक साधारण सभामा उपस्थित हुने सदस्यज्यूहरुको आ.व. २०८१/०८२ को मासिक (नियमित) बचत तथा जम्मा गर्न बाँकी भएको भए जम्मा गरिदिनुहुन अनुरोध गर्दछु।

७. सभामा पेश गर्ने सुझावहरु लिखित रुपमा पेश गर्न अनुरोध गर्दछौं ।

८. २६ औं वार्षिक साधारण सभा सम्बन्धी कुनैपनि जानकारी लिनुपर्ने भएमा कार्यालयको फोन नं. ०६१-५८१८९६, ५८१७३३ मा सम्पर्क राख्न हार्दिक अनुरोध गर्दछौं।

९. २६ औं वार्षिक साधारण सभा वा संस्थाबाट प्राप्त हुने विविध सेवाहरुको बारेमा जानकारी आवश्यक भएमा संस्थाको Website: www.bishalsaving.coop.np मार्फत जानकारी लिनुहुन अनुरोध गर्दछौं ।

# विषयसूची


| क्र.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| १. | अध्यक्षको प्रतिवेदन | १-१३ |
| २. | कोषाध्यक्षको प्रतिवेदन | १४-१७ |
| ३. | आ.व. २०८२/८३ को वार्षिक नीति कार्यक्रम तथा बजेट | १८-२२ |
| ४. | लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवेदन | २३-२९ |
| ५. | लेखापरिक्षकको प्रतिवेदन | ३०-५० |
| ६. | शिक्षा उपसमितिको प्रतिवेदन | ५१-५४ |
| ७. | ऋण उपसमितिको प्रतिवेदन | ५५-५८ |
| ८. | संस्थाको १० वर्षको वित्तिय अवस्था (ड्राफ्टमा) | ५९-६० |

# विशाल बचत तथा ऋण सहकारी संस्था लि. द्धारा आयोजना गरिएका विविध कार्यक्रमहरुको झलकहरु













# बिशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# Bishal Saving & Credit Co-operative Society Ltd.

## २६ औं वार्षिक साधारण सभामा
## अध्यक्ष श्री शिव शर्मा ज्यूबाट प्रस्तुत
## आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन

यस विशाल बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-४ बुद्ध विशाल बजार को २६ औं वार्षिक साधारण सभाका आदरणीय शेयर सदस्य महानुभावहरु निवर्तमान अध्यक्षज्यू संचालक समितिका पदाधिकारीज्यूहरु वरिष्ठ सल्लाहकारज्यू, कानुनी सल्लाहकारज्यू, सल्लाहकारज्यू लेखा सुपरिवेक्षण समितिका संयोजक एवंम सदस्यज्यूहरु शिक्षा उपसमितिका संयोजक एवंम सदस्यज्यूहरु महिला उपसमितिका संयोजक एवंम सदस्यज्यूहरु स्वास्थ्य उपसमितिका संयोजक एवंम सदस्यज्यूहरु व्यवसाय प्रर्वद्धन उपसमितिका संयोजक एवंम सदस्यज्यूहरु खेलकुद उपसमितिका संयोजक एवंम सदस्यज्यूहरु युवा तथा सास्कृतिक उपसमितिका संयोजक एवंम सदस्यज्यूहरु जोखिम व्यवस्थापन उपसमितिका संयोजक एवंम सदस्यज्यूहरु सुचना तथा सञ्चार उपसमितिका संयोजक एवंम सदस्यज्यूहरुमा एवंम हार्दिक नमन तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

यस संस्थाले २५ वसन्त पार गरि रजत जयन्ती मनाईरहेको शुभ अवसरमा हामी २६ औं वार्षिक साधारण सभा सम्पन्न गर्ने क्रममा छौं हामी सबैको निमित्त अत्यन्तै महत्वपूर्ण यस सुखद घडी सम्म आईपुग्दा संस्था स्थापना गर्ने सम्पूर्ण संस्थापकज्यूहरु तत्कालीन समयमा संस्थामा कार्यरत कर्मचारी मित्रहरु आवश्यक सुझाव तथा र्निदेशन प्रदान गर्नुहुने गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यलय र संस्था आवद्ध राष्ट्रिय सहकारी बैंक लि., नेफ्स्कुन, जिल्ला सहकारी संघ लि., कास्की बचत तथा ऋण सहकारी संघ लि., पोखरा महानगर सहकारी समिति लगायतका सम्पूर्ण छाता संगठनहरुप्रति हार्दिक अभार एवं धन्यवाद ज्ञापन गर्दछु ।

संस्थाले सामना गर्नुपरेका अनेकौं बाधा अडचन र चुनौतीहरुको बावजुद यस संस्थाका सदस्यज्यूहरुले देखाउनु भएको दृण विश्वास एवं सहयोग तथा सदभावको कारण आज संस्था गण्डकी प्रदेशकै एक उत्कृष्ट वित्तिय सहकारीको रुपमा स्थापित भई दिगो रुपमा सेवा प्रदान गरिरहेको जानकारी सभा समक्ष गराउन पाउँदा हामी सबै गौरवान्वित भएका छौं । संस्थालाई वित्तिय रुपमा मजवुत बनाउन र सहकारी अभियानको यो उचाईमा पुऱ्याउन महत्वपूर्ण योगदान प्रदान गर्नुहुने निवर्तमान अध्यक्षज्यू वित्तिय आंकलन तथा सही विश्लेषणमा सहयोग गर्नुहुने वरिष्ठ सल्लाहकारज्यू कानुनी समस्या तथा ऐन नियमको सम्बन्धमा प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने कानुनी सल्लाहकारज्यू, सल्लाहकारज्यू, लेखा सुपरिवेक्षण समिति तथा व्यवस्थापन समिति साथै सुक्ष्म रुपमा आन्तरिक लेखा परिक्षणमा कार्य गरि आवश्यक सुझाव पेश गर्नुहुने गोशेली एण्ड एशोसियटस् प्रा.लि. र विभिन्न उपसमितिमा रहेर वार्षिक कार्ययोजना अर्न्तगतका आ-आफ्नो कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गरी संस्थाको साखलाई उँचो राख्ने विभिन्न उपसमितिका संयोजक एवंम सदस्यज्यूहरु आवश्यकता अनुसार संस्थाको निरक्षण गरी आवश्यक निर्देशन प्रदान गर्नुहुने गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय प्रति हृदयदेखिनै आभार व्यक्त गर्दै आगामी दिनहरुमा समेत यसै प्रकारको सहयोग र सुझावको अपेक्षा राख्दछौं ।

सहकारीको सैद्धान्तिक र वास्तविक धरातल समुदायमा केन्द्रित हुनु हो। वास्तविक पूँजी संस्थाका शेयर सदस्यहरु हुन भन्ने यथार्थलाइ मनन गर्दै सहकारी एवं नियमावली गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयको निर्देशन साथै हालसालै गठन भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) २०८१ द्धारा जारी मापदण्डहरुलाई पूर्णरुपमा पालना गर्दै संस्था संचालन भैराखेको यस गरिमामय सभा समक्ष जानकारी गराउँछौं। करिव ९०% साना तथा मझौला व्यापार व्यवसायमा संलग्न यस संस्थाको सदस्यहरुको व्यापार व्यवसायमा आएको मन्दिका कारण ऋण भुक्तानीमा देखिएको समस्या नयाँ ऋणको मागमा आएको कमी चालु आ.व. मा भएको जेन्जी आन्दोलनले थप जटिल चुनौती थपिन जाने देखिन्छ साथै गत आ.व. बाटै कायम रहेको अधिक तरलता र व्यवसायीक मन्दि कायमै रहेको अवस्थामा यस आकस्मिक घटनाले थप चुनौतीहरु हामीसामु ल्याएको हुँदा चालु आ.व. मा संस्थाले कारोबार बृद्धि भन्दापनि सदस्य केन्द्रित सेवाहरुलाई दिगो रुपमा सञ्चालन गर्ने रणनीति अपनाउने जानकारी गराउँदछु।

**सदस्यज्यूहरु अव म यहाँहरु समक्ष यस संस्थाको मुख्य वित्तिय स्थिति विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु।**

| क्र.सं | विवरण | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ | बृद्धिदर |
|---|---|---|---|---|
| १ | शेयर पूँजि | १०६३४८०००/- | ९८१४६५००/- | (७.७०%) |
| २ | निक्षेप/बचत | ७१८७५०६६६/- | ७६२३३४५६७/- | ६.०६% |
| ३ | ऋण लगानी | ६८७६९५५४१/- | ६७४५१५७८७/- | (१.९०%) |
| ४ | अन्य लगानी | ५२१७४००/- | ५२१७४००/- | - |
| ५ | जगेडा कोष | ६७३६१६९६/- | ६९२९६६६१/- | २.८७% |
| ६ | घाटा पुर्ति कोष | ४०३२५८४/- | ४०८५९५९/- | १.३३% |
| ७ | ऋण नोक्सानी कोष | १५६८२८३८/- | २६०५३३४२/- | ६६.१३% |
| ८ | स्थायी सम्पती | ५३१२४४४९/- | ५३११४५३२/- | ०.०२% |
| ९ | सदस्य राहत कोष | २०६५५५८/- | २०३०८३३/- | (१.६८%) |
| १० | बैंक तथा नगद मौज्दात | १९४०१५६०७ | २५८०११२१० | ३३% |
| | **कुल वासलात** रु. | ९५६७१४७७२ | ९९८२८७३५९ | ४.३५% |

**अब म यहाँहरु समक्ष यस संस्थाले आ.व. २०८१/०८२ गरेको प्रगति विवरण तथा विविध गतिविधिहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

१. यस संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त एवंम संस्थागत अनुसासन कायम राख्नका निमित्त प्रत्येक चौमासिक रुपमा चार्टड एकाउन्टेन्ट गोशेली एण्ड एसोसिएटस् बाट आन्तरिक लेखा परिक्षण सम्पन्न गराई उक्त आन्तरिक परिक्षणमा दिएका राय सुझावलाई तत्काल कायान्वयन गरिएको जानकारी गराउँछु।

२. संस्थामा ८ जना स्थायी कर्मचारी २ जना अस्थायी र १ जना सुरक्षा गार्ड सेक्यूरिटी कम्पनी मार्फत कार्यरत रहेको र संस्थाको अतिरिक्त सुरक्षाको निमित्त बुद्ध विशाल बजार व्यापारिक एसोसिएसन सँग सहकार्य गरि व्यवस्थापन गरिएको छ।

३. यस संस्थाको कर्मचारी प्रशासन नियमावलीमा भएको व्यवस्था बमोजिम सहायक तृतीय पदमा पवित्रा गौतम

अर्याल पोखरा-१७ र कार्यालय सहायक तृतिय पदमा प्रतिक थापा पोखरा-१७ लाई नियुक्त गरिएको छ।

४. संस्थाको कारोवारलाई सुरक्षित एवंम आधुनिक प्रविधि मैत्री विधिबाट व्यवस्थापन गर्न Finacctplus सफ्टवयेर मार्फत लेखा राखी Cloud प्रविधिमा कारोबारको Back up सुरक्षित राख्ने गरिएको छ।

५. सहकारी व्यवसायको मुल मर्म सदस्यहरुलाई व्यवसायिक बनाउँदै उद्यमशीलता तर्फ आर्कर्षित गराउनु हो। सोही अनुरुप गत वार्षिक साधारण सभाबाट पारित उद्यमशीलता पुरस्कारबाट आजको समापनमा १ जना सदस्यहरुलाई पुरस्कृत गरिने जानकारी गराउँछु।

**संस्थाले आ.व. २०८१/०८२ मा सम्पन्न गरेका अन्य गतिविधिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

## तालिम/गोष्ठी/अन्तरक्रिया/अवलोकन/सहकारी दिवस

१. यस संस्थाका अध्यक्ष श्री शिव शर्माज्यू राष्ट्रिय सहकारी महासंघको संयोजनमा मिति २०८१/१२/२६ गतेदेखि ३० गतेसम्म भारतको हरियाणा स्थिति Indian Farmers Fertiliser Co-operative Limited (IFFCO) द्धारा संचालित ५ दिने "Strategic Leadership in Cooperative" विषयको तालिममा सहभागि हुनुभएको जानकारी गराउँदछौं।

२. गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय कास्की पोखरा द्धारा आयोजना गरिएको सम्पती शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाहरुको बारेमा सम्पन्न भएको तालीममा यस संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक श्री रामकृष्ण दुवाडी र कोषाध्यक्ष श्री ईन्द्रराज अर्यालज्यू सहभागी हुनुभएको जानकारी गराउँदछु।

३. कास्की बचत तथा ऋण सहकारी संघ लि. पोखरा-८ ले आयोजना गरेको जोखिम व्यवस्थापन सम्बन्धी तालीममा संस्थाका सचिव श्री प्रदीप कुमार मुल्मीज्यू सहभागी हुनुहुन्थ्यो।

४. नेपाल बचत तथा ऋण केन्द्रीय संघ (नेफ्स्कुन) द्धारा आयोजीत व्यवसाय प्रवद्धन सम्बन्धी अन्रक्रिया कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सुदिप ढकालज्यू सहभागी हुनुहुन्थ्यो।

५. यस संस्थाका अध्यक्ष श्री शिव शर्माज्यूले राष्ट्रिय सहकारी बैंक लि. को २२ औं वार्षिक साधारण सभामा सहभागिता जनाउनु भयो त्यसैगरि संस्थाका उपाध्यक्ष श्री बालकृष्ण ढकालज्यूले कास्की बचत तथा ऋण सहकारी संघ लि. को २४ औं वार्षिक साधारण सभामा संस्थाको तर्फबाट सहभागिता जनाउनु भएको थियो भने प्रमुख कार्यकारी अधिकृत श्री सुदीप ढकालज्यूले जिल्ला सहकारी संघ लि. कास्कीको ५१ औं वार्षिक साधारण सभामा सहभागिता जनाउनु भएको जानकारी गाराउँछु।

६. कास्की बचत तथा ऋण सहकारी संघद्धारा आयोजित राष्ट्रिय सहकारी बैंकको प्राविधिक सहयोगमा आयोजना गरिएको '**अध्यावधिक कानून प्रणाली र जोखिम व्यवस्थापन**' सम्बन्धी तालिममा यस संस्थाका अध्यक्ष शिव शर्मा, सचिव प्रदिप कुमार मुल्मी र सञ्चालक तथा ऋण संयोजक बुद्धि बहादुर कुँवरज्यू सहभागी हुनुभयो।

७. ६८ औं राष्ट्रिय सहकारी दिवसको मुल नारा '**मर्यादित सहकारी समुन्नत समाज**' अर्न्तगत जिल्ला सहकारी संघ लि. कास्कीको ओजनामा भएको भव्य कार्यक्रम यस संस्थाले देहाय बमोजिमको कार्यक्रमहरुमा सक्रिय रुपमा सहभागिता जनाएको जानकारी गराउँछु।

क) रक्तदान कार्यक्रममा संस्थाका सूचना तथा संचार उपसमिति सदस्य श्री अमृत श्रेष्ठ र कर्मचारी ऋण सहायक श्री कमल ओझाले रक्तदान गर्नुभएको ।

ख) जिल्ला संघद्धारा आयोजित साइकल ऱ्यालीमा यस संस्थाका कोषाध्यक्ष श्री इन्द्रराज अर्याल सूचना तथा संचार उपसमिति सदस्य श्री अमृत श्रेष्ठ कर्मचारीदय श्री कमल ओझा रमेश तिवारी र सदस्य श्री आर्यन ढकालले सहभागिता जनाई उक्त साईकल ऱ्याली कार्यक्रममा संस्थालाई तृतिय स्थानको पुरस्कार दिलाउनु भएकोमा सहभागी ज्यूहरुप्रति हार्दिक धन्यबाद एवंम बधाई ज्ञापन गर्दछु ।

ग) ६८ औं राष्ट्रिय सहकारी दिवसको कार्यक्रम अन्तगत पोखरा-१८, जामुनबोट स्थित शहिद स्मृति पार्क परिसरमा संस्थाद्धारा गरिएको वृक्षारोपण स्थलमा गोडमेल तथा पार्क परिसरमा सरसफाई कार्यक्रम गरि सम्पन्न गरिएको थियो ।

घ) पोखरा-४ चिप्लेढुङ्गाबाट शुरु गरिएको ६८ औं राष्ट्रिय सहकारी दिवसको प्रभातफेरी कार्यक्रममा यस संस्थाबाट संचालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति, कर्मचारी वर्ग र सदस्यहरु समेत गरि करिब ३५ जनाको सहभागिता रहेको स्मरण गराउन चाहन्छु ।

ङ) १०३ औं अन्तराष्ट्रिय सहकारी दिवसको अवसरमा विस्तारित बैठक मार्फत संस्थाको वार्षिक निति तथा कार्यक्रम र बजेट उपर व्यापक छलफल गरि तयार गरिएको जानकारी गराउँदछु ।

## सामाजिक उत्तरदायित्व बहन कार्यक्रम

१. संस्थाको रजत जयन्ती २०८२ भाद्र ११ गतेको अवसरमा पोखरा-१८ जामुनबोट स्थित रविन्द्र स्मृति पार्कमा विभिन्न प्रजातीका २० वटा फलफुलका विरुवाहरु रोप्ने कार्य सम्पन्न गरियो ।

२. सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा पोखरा-१८ स्थित रविन्द्र स्मृति पार्कमा अत्यन्तै जिर्ण अवस्थामा सामुदायिक चौतारी उक्त पार्क व्यवस्थापन समितिका उपाध्यक्ष श्री लक्ष्मण तिमिल्सीनाज्यूको सहजिकरणमा पुनःनिर्माण गरी वहाकै प्रमुख आतिथ्यतामा उक्त चौतारी उद्घाटन गरी कार्यक्रम समापन गरिएको जानकारी सदस्यज्यूहरुलाई गराउँदछु ।

३. संस्थाको रजत जयन्तीको शुभ अवसरमा यस संस्थाको स्वास्थ्य उपसमितिको आयोजनामा रक्त सञ्चार केन्द्र कास्की पोखराको प्राविधिकको सहयोगमा भएको खुल्ला रक्तदान कार्यक्रममा ६५ जना महानुभावहरुले रक्तदान गर्नुभएको जानकारी गराउँदै यस पुनित कार्यमा सहभागी रक्तदाताज्यूहरुप्रति आभार व्यक्त गर्दछु ।

४. समुदाय प्रतिको दायित्व बोध गर्दै संस्थाका सदस्यहरुको योगदानबाट स्थापना गरिएको विशाल छात्रवृति कोषको उद्देश्य अनुरुप रुपा गाउँपालिका-३ स्थित जनता मा.वि.मा अध्यनरत गरिब तथा जेहन्दार २ जना छात्राहरुलाई वार्षिक रुपमा प्रदान गरिने रकम रु १५०००/- (पन्ध्र हजार) यस वर्ष कक्षा ४ मा अध्यनरत छात्रा अन्जना कुमाल र कक्षा २ मा अध्यनरत छात्रा रोसीका कुमाललाई विद्यालय व्यवस्थापना मार्फत प्रदान गरिएको जानकारी गराउँदै यस कार्यलाई आगामी वर्षहरुमा समेत निरन्तरता दिइने छ ।

## सुचना तथा प्रकाशन

१) समय सापेक्ष संस्थालाई प्रविधिसँग जोड्दै जाने रणनीति अनुरुप आकाश डिजिटल प्रा.ली सँग सम्झौता गरी

www.bishalsaving.coop.np वेबसाइट (Website) निर्माण गरी संस्था सम्बन्धी सम्पूर्ण जानकारी साथै २६ औँ वार्षिक साधारण सभाको प्रतिवेदन समेत उक्त वेबसाइट मार्फत सदस्यज्यूहरुलाई उपलब्ध हुने गरि व्यवस्था मिलाईएको जानकारी गराउँदछु ।

२) संस्थाको फेसबुक पेज पुन परिमार्जन गरी संचालनमा ल्याइएको जानकारी गराउदै मासिक प्रतिवेदन लगायतका सामाग्रीहरु सम्प्रेषण गरिने जानकारी गराउदै सदस्यज्यूहरुलाई आवश्यक रचनात्मक सुझावहरुको लागि अनुरोध समेत गर्दछौं ।

३) विगतका वर्षहरुमा जस्तै नियमित रुपमा प्रकाशित भित्तपात्रो र टेवल क्यालेण्डर यस वर्ष पनि उपयुक्त समयमा नै प्रकाशित गरि सम्पूर्ण सदस्यज्यूहरुलाई वितरण गरिएको थियो ।

४) संस्थाको सेवा एवम् अन्य विषयहरुको जानकारीको निमित्त सदस्य वडा पत्र, सूचना पाटी, सुझाव पेटीका र रचनात्मक सुझावका निमित्ति सदस्य सुझाव पुस्तिकाको व्यवस्था रहेको जानकारी गराउँदछु ।

५) संस्थाले प्रत्येक महिनाको अन्तिम दिनको बित्तिय स्थिति विवरण फेसबुक पेज मार्फत सदस्यहरुको जानकारीको निमित्त प्रकाशित गर्ने गरेको छ ।

## प्रविधिको प्रयोग

१) संस्थाले आफ्नो सदस्यहरुको चाहना बमोजिम अत्याधुनिक मोबाइल बैकिङ्क क्यू.आर. कोड (Quick Response Code) लगायतका सुविधाहरु iSmart Digital Banking सँगको सहकार्य मार्फत उपलब्ध गराउँदै आएको जानकारी गराउँदै आगामी दिन अझ गुणस्तरीय सुरक्षित विविध सेवाहरु प्रदान गर्दै क्रमशः नगदको भौतिक कारोबारलाई न्यून गर्दै लैजाने योजना संस्थाको रहेको छ ।

२) संस्थाको बचत तथा ऋणको प्रकार विशेषता साथै अन्य सदस्य सेवाका कार्यक्रमहरुलाई website www.bishalsaving.coop.np मार्फत सदस्यहरुलाई जानकारी प्रदान गरेका छौं ।

३) २६ औं वार्षिक साधारण सभाको सुचना एस.एम.एस. (Short Message Service) मार्फत सम्पूर्ण सदज्यूहरुलाई पठाइएको जानकारी गराउदछौं ।

४) संस्थाको कारोबार एवं तथ्याङ्कलाई सुरक्षित राख्न क्लाउड प्रविधि मार्फत सुरक्षित रुपमा राख्ने सम्झौता गरिएको छ ।

## पुरस्कृत/सम्मान तथा बधाई

१) यस संस्थामा २ दशकभन्दा बढी विभिन्न पदमा रही सेवारत कर्मचारीहरुलाई संस्थाप्रतिको योगदान, समर्पण र सेवाको उच्च कदर गर्दै आजको यस गरिमामय सभामा 'दीर्घसेवा पदक' बाट उहाँहरुलाई सम्मान गरिने जानकारी गराउन चाहन्छु ।

२) यस संस्थाका संचालक श्री बुद्धिबहादुर कुँवरज्यू बुद्ध विशाल बजार व्यापारिक एसोसिएसनको अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

३) यस संस्थाका कोषाध्यक्ष श्री ईन्द्रराज आचार्यज्यू बुद्ध विशाल बजार व्यापारिक एसोसियसनको सल्लाहकार पदमा नियुक्त हुनुभएकोमा सफल कार्यबालको शुभकामना व्यक्त गर्दछौं ।

४) राष्ट्रिय सहकारी बैङ्क लि.ले आफ्नो २० औं वार्षिक साधारण सभाको अवसरमा यस विशाल बचत तथा ऋण सहकारी संस्था लि. लाई गण्डकी प्रदेशकै उत्कृष्ट वित्तिय सहकारीको रुपमा पुरस्कृत गरेको जानकारी

गराउँदै यसको निमित्त उचित मूल्याङ्कन गर्नुहुने मूल्याङ्कन समितिलाई धन्यवाद ज्ञापन गर्दै, उचित सल्लाह सुझाव प्रदान गर्नुहुने गण्डकी प्रदेश रजिष्ट्रको कार्यालय, सल्लाहकारज्यूहरु र मुख्य धरोहर यस संस्थाको सदस्यज्यूहरु, कर्तव्यनिष्ठ कर्मचारी वर्ग लगायत सम्पूर्ण शुभेच्छुकज्यूहरु प्रति कृतज्ञता व्यक्त गर्दछौं ।

५) यस संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सुदिप ढकालज्यूलाई राष्ट्रिय सहकारी बैङ्क लि., पोखरा महानगर सहकारी समिति, जिल्ला सहकारी संघ लि. कास्की तथा कास्की बचत बचत तथा ऋण सहकारी संघ लि. द्वारा सहकारीका विविध विषयहरुको तालिममा प्रमुख प्रशिक्षकको रुपमा आमन्त्रण गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दै प्रमुख कार्यकारीज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।

## सदस्य विस्तारित मन्च

यस संस्थाको वार्षिक कार्ययोजना अन्तर्गतको सदस्य विस्तारित मन्च कार्यक्रम मिति २०८१/११/१० गते शनिवारको दिन पोखरा-२५ हेमजा स्थित पार्कमा यस संस्थाका अध्यक्ष श्री शिव शर्माज्यूको अध्यक्षतामा जिल्ला सहकारी संघ लि. कास्की अध्यक्ष श्री दिपक प्रकाश बाँस्तोलाज्यूको प्रमुख आतिथ्यतामा २०१ सदस्यज्यूहरुको सक्रिय सहभागितामा सञ्चालन गरि वर्तमान अवस्थामा सहकारी व्यवसायमा देखापरेका चुनौतीहरु र आगामी दिनमा वित्तिय सहकारीले अवलम्बन गर्नुपर्ने रणनीतिहरुको बारेमा सल्लाहकारज्यूहरु र प्रमुख अतिथीज्यूबाट प्राप्त सुझावहरुलाई संस्थाले अंगिकार गरेको जानकारी गराउँदछु ।

## संस्थागत शुसासन

संस्थालाई सुरक्षित एवम् दिगो रुपमा संचालनका निमित्त वित्तिय शुसासन र संस्थागत अनुशासन अपरिहार्य छ, तसर्थ पारदर्शिता, जवाहदेहिता, दुरदर्शिता एवम् सामुहिकता सहकारीको मूल्य मान्यताको अभिन्न विषयहरु हुन भन्ने अभिप्रायले आन्तरिक नियन्त्रणको कार्यलाई निरन्तरता प्रदान गरि रहेका छौं, साथै समिति उपसमिति कर्मचारी र सदस्यहरुको समेत आचार संहिता निर्माण गरी लागु गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

१) चालु आ.व. बाट संस्थाको लेखापरीक्षण नेपाल वित्तिय प्रतिवेदनमान (Nepal Financial Reporting Standards - NFRS) अनुरुप गरिने जानकारी दिन्छौं ।

२) गोशली एण्ड एशोसियटस् द्वारा प्रत्येक चौमासको सम्पूर्ण हर-हिसाब, भौचर, खाता-विवरण, ऋण फाइल, तमसुक, भर्पाइ, भल्ट तथा नगद बैङ्क मौज्दात जाँच गरी व्यवस्थापकीय प्रतिवेदन मार्फत देखिएका कैफियत त्रुटीको विवरण पेश हुने हुँदा संचालक समिति, लेखा समितिले गम्भिरतापूर्वक छलफल गरि सुधारका योजना सहित व्यवस्थापनलाई निर्देशन दिने गरेको जानकारी गराउछु ।

३) संस्थामा कार्यरत कर्मचारी, सदस्य र समिति विचका सेतु हुन तसर्थ उत्कृष्ट कार्य सम्पादनको निमित्त दक्ष र ईमान्दार कर्मचारी संस्थाको पूँजी हुन् भन्ने अभिप्रायले कर्मचारीहरुलाई आवश्यक तालिम, परामर्श, पूनर्ताजगीका कार्यहरु लगायत क्षमता विकासको तालिमहरु प्रदान गरि चुस्त-दुरुस्त कर्मचारीहरुको व्यवस्थापन गरिएको छ । राष्ट्रिय सहकारी नियमन प्रधिकरण नेपाल राष्ट्रबैक सहकारी विभाग, गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, पोखरा महानगरपालिकाद्धारा जारी निर्देशन एवं मापदण्ड लाई संस्थाले अक्षरस पालना गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

४) संस्था व्यक्तिबाट होइन विधिबाट चल्नुपर्छ भन्ने ध्येयका साथ संस्थागत शुसासन कायम गर्न निम्नानुसार ३१ वटा निति, निर्देशिका एवम् कार्यविधिहरु निर्माण गरी संस्था संचालन भईरहेको जानकारी गराउदछौं ।

| | |
|---|---|
| १. आर्थिक प्रशासन निति | १६. तालिम तथा सहकारी अध्ययन अवलोकन भ्रमण निति |
| २. कर्मचारी प्रशासन नियमावली | १७. कर्मचारी कल्याणकारी कोष निति |
| ३. वचत निति | १८. विशाल सहकारी सम्मान निति |
| ४. ऋण निति | १९. कागजात धुल्याउने कार्यविधि |
| ५. निर्वाचन निति | २०. माहामारीमा सहकारी व्यवस्थापन निर्देशिका-२०७८ |
| ६. संरक्षित पूँजी फिर्ता कोष निर्देशिका | २१. त्रुटी व्यवस्थापन निति |
| ७. नगद परिचालन निति | २२. अभिलेख तथा लेखा प्रमाणित गर्ने निर्देशिका |
| ८. शेयर निति | २३. सि.सि क्यामेरा संचालन कार्यविधि |
| ९. संगठन तथा समन्वय निति | २४. सुचना तथा संञ्चार कार्यविधि -२०८१ |
| १०. सदस्य राहत निति | २५. साधारण सभा संचालन कार्यविधि -२०८१ |
| ११. लेखा निति | २६. विद्युतिय कारोबार कार्यविधि -२०८१ |
| १२. शुसासन निति | २७. जोखिम व्यवस्थापन कार्यविधि -२०८१ |
| १३. ऋण अपलेखन निति | २८. उपसमिति गठन तथा संचालन सम्बन्धी नीति-२०८२ |
| १४. हिसाब राफसाफ निति | २९. विशाल छात्रवृत्ति कोष व्यवस्थापन निर्देशिका-२०८२ |
| १५. सम्पत्ति शुद्धिकरण निवारण कार्यान्वयन कार्यविधि | ३०. धितो मूल्याङ्कन कार्यविधि-२०८२ |
| | ३१. कोष व्यवस्थापन नीति-२०८२ |

सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका २०७४ ले निर्देष्ट गरेका सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशनहरुलाई पूर्ण रुपमा पालना गरिएको छ । सो सम्बन्धमा आवश्यक रिपोर्टहरु सम्बन्धीत निकायमा पेश गरिएको जानकारी गराउँदछौं ।

**संस्थागत आवद्धता**

यस संस्थालाई स्थानिय तह देखि अन्तराष्ट्रिय स्तरसम्म सम्पर्क कायम गर्नका निमित्त निम्न संघ तथा संगठनहरुमा आवद्ध रहेको जानकारी गराउछौं ।

१. राष्ट्रिय सहकारी बैङ्क लि. काठमाडौं
२. नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. काठमाडौं (नेफ्स्कुन)
३. जिल्ला सहकारी संघ लि. कास्की, पोखरा
४. कास्की बचत तथा ऋण सहकारी संघ लि., पोखरा
५. पोखरा महानगरपालिका, कास्की, पोखरा
६. बुद्ध विशाल बजार व्यापारिक एशोसिसन - पोखरा-४, कास्की

**विशाल छात्रवृत्ति योजना**

सहकारीका मूल्य मान्यता एवम् सिद्धान्त बमोजिम विपन्न वर्ग, दलित, अशक्त, सिमान्तकृत वर्गका शेयर

सदस्यका छोराछोरी अझ विशेष गरि छात्राहरुलाई ध्यानमा राखी "छोरी पढाउ अभियान" अन्तर्गत यस कोषको स्थापना गरिएको र यो कोषमा संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकारज्यूहरु, विषयगत उपसमितिका सदस्यज्यू र सदस्यज्यूहरुको व्यक्तिगत सहयोगमा संचालित कोष हो। उक्त कोषमा रहेको रकमको प्राप्त ब्याज रकमबाट संचालक समितिको निर्णय अनुसार सरकारी विद्यालयमा अध्ययनरत बाल बालिकाको अध्ययनमा सहयोग पुर्‍याईनेछ साथै यस कोषमा सहयोग गर्नुभई संस्थाको यस कार्यक्रमलाई सफल बनाइदिनुहुन सदस्यज्यूहरुलाई अनुरोध गर्दछु।

## सदस्य सुरक्षा योजना कार्यक्रम

१. ७० वर्ष पुरा गर्नुहुने सदस्यज्यूलाई सम्मान कार्यक्रम।
२. ७५ वर्ष पूरा गर्नुहुने सदस्यज्यूलाई आजिवन पेन्सन प्रदान कार्यक्रम।
३. सदस्य राहत कोष व्यवस्था (मृत्यु/कडा रोग/दैवि प्रकोप/अन्य प्राकृतिक विपदहरु)।
४. निःशुल्क स्वास्थय शिविर।
५. सदस्य सम्मान कार्यक्रम।
६. हरितालिका तिज विशेष कार्यक्रम।
७. वनभोज कार्यक्रम।
८. शैक्षिक पुरस्कार।
९. छात्रवृत्ति कार्यक्रम।
१०. विभिन्न अस्पताल तथा ल्यावहरुसँग सम्झौता गरी छुट प्राप्त।
११. बाल बचत खाता संचालनमा सहयोग (रु. १००० बाट संस्थाले खाता संचालन गरिदिने)।
१२. उद्यमशिलता पुरस्कार कार्यक्रम।

## सदस्य स्वास्थ्य सेवा

निम्न अस्पताल एवम् ल्यावहरुमा सदस्यज्यूहरुलाई छुट प्राप्त हुने सम्झौता गरिएको हुँदा यहाँहरुलाई जानकारी गराउदै लाभ लिनुहुन अनुरोध गर्दछु।

१. मणिपाल शिक्षण अस्पताल पोखरा-११, फुलबारी
२. विभुति हेल्थ केयर अस्पताल, पोखरा-१७, ड्यामसाईड
३. मेडिट्रष्ट प्याथोलोजी, पोखरा-८, न्यूरोड
४. लाईफ केयर डायगनोष्टिक रिसर्च सेन्टर, पोखरा-८, न्यूरोड
५. यूनाईटेड रेफरेन्स ल्यावरोटरी (URL), पोखरा-८, सभागृहचोक
६. नेशनल रेफरेन्स ल्यावरोटरी (NRL), पोखरा-९, न्यूरोड

## सदस्य सम्मान कार्यक्रम

१.१ यस संस्थाका ७० वर्ष पुरा गर्नुभएका सदस्यज्यूहरुलाई आजको सभामा सम्मान सहित पुरस्कृत गरिने छ।

१.२ यस संस्थाको सदस्य राहत कोष कार्यविधि अनुसार निम्न सदस्यज्यूहरुलाई संस्थाले आजिवन पेज्सन स्वरुप रु. ४०००/- (अक्षरुपी चार हजार) नगद वितरणको कार्यलाई निरन्तरता दिइएको छ।

| | | |
|---|---|---|
| क) श्री तुलसी प्रसाद बराल | पो.म.न.पा-७ | स.नं. ९०४३ |
| ख) श्री यज्ञनाथ कोइराला, | पो.म.न.पा-४ | स.नं. १७५५ |
| ग) श्री जशोधा पाध्या, | पो.म.न.पा-५ | स.नं. १८९८ |
| घ) शान्ता कुमारी गोठाजू | पो.म.न.पा-८ | स.नं. २३१ |
| ङ) गोपाल बहादुर भारी | पो.म.न.पा-२ | स.नं. ११३२ |
| च) भक्त बहादुर तिलिजा पुन | पो.म.न.पा-११ | स.नं. ९६३ |
| छ) हरिमाया तिलिजा पुन | पो.म.न.पा-११ | स.नं. ८७६ |

१.३ आ.व. २०८१/०८२ मा उत्कृष्ठ कारोबार गरेवापत आजको सभामा निम्न सदस्यज्यूहरुलाई सम्मान सहित पुरस्कृत गरिने जानकारी गराउछौं।

| | | |
|---|---|---|
| क) विष्णुहरि दाहाल | पो.म.न.पा-९ | स.नं. २०९३ |
| ख) कृष्ण बहादुर तिलिजा | पो.म.न.पा-११ | स.नं. २०१४ |
| ग) लक्ष्मी बास्तोला | पो.म.न.पा-९ | स.नं. २६३७ |
| घ) रविन्द्र शर्मा | पो.म.न.पा-७ | स.नं. २७०३ |
| ङ) अर्जुन थापा | पो.म.न.पा-२ | स.नं. १६२१ |
| च) भद्र बहादुर माल | रुपा गा.पा-३ | स.नं. २७७५ |

१.४ नियमिति बचतलाई उत्कृष्ट कारोबार गर्ने निम्न सदस्यज्यूहरुलाई आजको सभामा पुरस्कृत गरिनेछ।

| | | |
|---|---|---|
| क) सुमित्रा अर्याल | पो.म.न.पा-८ | स.नं. २५४० |
| ख) गोविन्द प्रसाद ढकाल | पो.म.न.पा-७ | स.नं. ११५ |
| ग) रामदेवी तिलिजा पुन | पो.म.न.पा-११ | स.नं. १९६५ |
| घ) प्रदिप कुमार रेग्मी | पो.म.न.पा-८ | स.नं. २३१० |

१.५ मोबाईल बैङ्क तथा क्यू.आर. सम्बन्धी कारोबार गर्ने निम्न सदस्यज्यूहरुलाई पुरस्कृत गरिने जानकारी गराउँछु।

| | | |
|---|---|---|
| क) नविन शर्मा | पो.म.न.पा-१७ | स.नं. २१५५ |
| ख) सुशिल सिग्देल | पो.म.न.पा-४ | स.नं. १०४९ |

१.६ बाल बचतकर्ताहरु मध्येबाट १ जना बाबु १ जना नानीलाई गोला प्रथाबाट पुरस्कत गरिने योजना अनुसार निम्न बाल बचतकर्ताहरु छनोट हुनुभई पुरस्कृत हुने जानकारी गराउँछौं।

१.७ संस्थाले आयोजनामा गरेको मिति २०८१ फागुन ११ गतेको विस्तारित मन्च कार्यक्रममा वितरण गरिएको सदस्य सुझाव फारमबाट प्राप्त सुझावहरु मध्ये उत्कृष्ट सुझाव पेश गर्नुहुने निम्न सदस्यलाई सम्मान गरिने जानकारी गराउँदछौं।

क) रविराज भुर्तेल पो.म.न.पा-५ स.नं. ९५८

ख) मिना श्रेष्ठ पो.म.न.पा-५ स.नं. १२०१

१.८ सदस्यज्यूलाई उत्पादन एवं उद्यमशिलतातर्फ आकर्षित गर्न स्थापना गरिएको उद्यमशिलता पुरस्कारबाट निम्न सदस्यहरुलाई पुरस्कृत गरिने जानकारी गराउँदछु।

क) गिता ढकाल पौडेल पो.म.न.पा-६ स.नं. २३१२

## सदस्य राहत कार्यक्रम

सदस्य राहत कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा मृत्यू भएका निम्न सदस्यका परिवारलाई नगद रु. ३०,०००/- (तीस हजार रुपैयाँ) प्रति मृतक सदस्यका दरले सदस्य राहत कोषबाट भूक्तानी गरिनेछ।

क. दिनेश कुमार तझ्या (स.नं. ०३१२६)

ख. दुर्गा बराल ढकाल (स.नं. १११)

## संस्थाको राजश्वमा योगदान

यस संस्थाले नेपाल सरकारको निति नियम बमोजिम आयकर, व्याजकर, लाभांस कर तथा पारिश्रमिक कर लगायतका तिर्न बुझाउन पर्ने सबै शीर्षकहरुको कर तोकिएको समय भित्र बुझाउँदै आइरहेको जानकारी गराउँदछौँ, जस अनुसार संस्थाले आ.व. २०८०/०८१ मा निम्न अनुसार कर दाखिला गरेको छ।

| शिर्षक | रकम रु. |
|---|---|
| आयकर वापत | ७,३२,२८६/- |
| व्याज कर | ३६,८८,१४६/- |
| पारिश्रमिक कर | ४,०३,३६०/- |
| विविध कर | १,४३,१८२/- |
| **जम्मा कर रु.** | ४९,६६,९७४/- |

**सदस्यज्यूहरु**

गत आ.व. मा सम्पन्न गरिएको कार्यक्रमहरुलाई मार्गदर्शनको रुपमा स्वीकार गर्दै यहाँहरुसमक्ष नियामक निकायबाट भएको अनुगमन/निरीक्षण र निर्देशन सम्बन्धमा जानकारी गराउँदछु।

- नेपाल सरकार भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय सहकारी विभागद्धारा जारी सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी आवश्यक विवरणहरु GoAml System मार्फत पठाउने गरिएको छ।
- गण्डकी प्रदेश सरकार सहकारी रजिष्ट्रारको कार्यालय पोखराद्धारा जारी मिति २०८१/०३/३१ को निर्देशनलाई पूर्ण रुपमा पालना गरिएको छ।

- राष्ट्रिय सहकारी नियमन प्राधिकरण (NCRA) द्धारा बचत तथा ऋण सहकारी संस्थाहरुलाई अनिवार्य रुपमा प्राधिकरणमा अन्तर्गत दर्ता गरि संस्थाको वासलातको आधारमा वार्षिक शुल्क बुझाउनुपर्ने र सोही बमोजिम संस्थाको ईजाजतपत्र नविकरण हुने व्यवस्था मापदण्डमा उल्लेख गरिएको हुँदा यस संस्थाले सोहि निर्देशन बमोजिम संस्था दर्ता गराउने जानकारी यस गरिमामय सभामा गराउँदछु।

### १. सदस्य विस्तार योजनाः

संस्थालाई दिगो रुपमा निरन्तर संचालन गर्दै समुदायमा केन्द्रित भएर व्यवसाय गर्नको निमित्त सदस्य वृद्धि अत्यन्तै जरुरी छ। तसर्थ चालु आ.व. मा कम्तीमा १०% सदस्य वृद्धि गर्ने योजना रहेको र यस सन्दर्भमा विशेष गरि संस्थाको कार्यक्षेत्र भित्रका गाउँपालिकाहरुमा सदस्य वृद्धिको योजना बनाउने साथै सदस्यहरुको एकाघर परिवारलाई सदस्य बन्न प्रेरित गर्ने।

### २. शेयर पूँजी समायोजन योजना

चालु आ.व. मा यस योजना अन्तर्गत अधिक शेयर पूँजी भएका शेयर सदस्यज्यूहरु र न्यून शेयर पूँजी भएका सदस्यहरुको अनुपात मिलान गर्ने योजना अनुसार कार्ययोजना निर्माण गर्नेछौं। साथै सदस्यहरुको शेयर, बचत र ऋणको अनुपात समेत क्रमश मिलाउँदै लैजाने योजना संस्थाको रहेको छ।

### ३. निष्कृय सदस्यता खारेज योजना

सहकारी ऐन २०७४ एवम् नियमावली २०७५ साथै गण्डकी प्रदेश ऐन २०७५ ले दिएको अधिकार प्रयोग गरी संस्थाको विनियममा भएको व्यवस्था अनुसार निस्कृय सदस्यहरुको सदस्यता खारेज गर्ने प्रस्ताव पेश गर्दछु।

### ४. व्यवसायिक रणनितिक योजना निर्माण

विश्वव्यापी रुपमा देखिएको आर्थिक मन्दि, अधिक तरलता, उत्पादनमूलक क्षेत्रमा न्यून ऋण माग, सहकारी व्यवसाय प्रतिको नकरात्मक सन्देश र पछिल्लो जेन जि आन्दोलनबाट थप बिग्रीएको परिस्थिती लगायतका विषयहरु उपर गम्भीर रुपमा छलफल तथा अध्ययन गरि संस्थाको कारोबारलाई सुरक्षित बनाउने, संस्थाको छवि समुदायमा उच्च राख्ने रणनितिको साथै चालु आ.व. को व्यवसायिक योजना बनाउने प्रस्ताव पेश गर्दछौं।

### ५. क्षमता विकास तालिम

क) संस्थाका संचालक समिति, लेखा समिति, विषयगत उपसमितिहरु एवं सल्लाहकारज्यूहरुलाई समेत आवश्यक समय सापेक्ष उच्च स्तरका तालिमहरुमा सहभागि गराउने।

ख) नेपाल वित्तिय प्रतिवेदन मान NFRS (Nepal Financial Reporting Standards) को तालिममा सम्बन्धित विभागका कर्मचारीहरुलाई सहभागि गराउने।

ग) यस संस्थामा कार्यरत कर्मचारी वर्गलाई औचित्य र आवश्यकताको आधारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका तालिमहरुमा सहभागी गराउने।

**६. रचनात्मक सुझावहरू संकलन सम्बन्धमा**

सहकारी संस्थाको मूख्य धरोहर सदस्य हुन भन्ने मूल अभिप्रायका साथ संस्थाले आयोजना गर्ने विस्तारित मञ्च, अन्तरक्रिया साथै संस्थामा उपस्थित भएर समेत सदस्यज्यूहरुले रचनात्मक सुझावहरु दिने व्यवस्थाको लागि सदस्य सुझाव पुस्तिका को व्यवस्था गरिएको छ। विस्तारि बैठकबाट सुझाव पेश गर्ने सदस्यहरु मध्येबाट उत्कृष्ट सुझावहरु पेश गर्नुहुने २ जना सदस्यहरुलाई वार्षिक साधारण सभामा पुरस्कृत गरिनेछ।

**७. निति/कार्यविधि/निर्देशिका निर्माण**

संस्थाले समय सापेक्ष आवश्यकता बमोजिम निति, कार्यविधि निर्देशिकाहरु तयार गरि संस्था संचालन गरिरहेको सन्दर्भमा चालु आ.व. मा निम्न नीति तथा कार्यविधिहरु बनाइएको जानकारी गराउँदछु।

- उपसमिति गठन तथा सञ्चालन कार्यविधि २०८२
- विशाल छात्रवृत्ति कोष व्यवस्थापन निर्देशिका २०८२
- धितो मूल्याङ्कन कार्यविधि २०८२
- कोष व्यवस्थापन नीति २०८२

**आदरणीय शेयर सदस्यहरु,**

**८. निम्न प्रस्तावहरुलाई आजको सभाबाट अनुमोदन गरिदिनु हुन अनुरोध गर्दछु ।**

१. चालु आ.व. २०८१/०८२ को लेखा परिक्षणको निमित्त गोशली एण्ड एशोसियसट्स सि.ए. श्री अर्जुन गोशली (२२०८०५CA००४७७) पोखरा-८ लाई नियुक्त गरि निजको पारिश्रमिक रु २५००००/-(अक्षरुपी दुई लाख पचासहजार मात्र) तोक्ने साथै वैकल्पिक लेखा परिक्षकमा सि.ए. बिमल थापा एण्ड एसोसियट्सलाई नियुक्त गर्ने प्रस्ताव प्रस्तुत गर्दछु।

२. गत आ.व २०८०/०८१ मा गरिएको व्याजदर परिवर्तनका निर्णयहरुलाई अनुमोदनको निमित्त अनुरोध गर्दछु।

३. चालु आ.व. मा युवा तथा बालबालिका उपसमिति गठन गरि यस संस्थाका बाल बचतकर्ताहरुलाई सहकारी प्रति आकर्षित गर्ने रणनीति प्रस्ताव गर्दछु।

४. चालु आ.व. को प्रस्तावित वार्षिक निति कार्यक्रम तथा बजेत पारित सम्बन्धमा।

५. कर्मचारीहरुको पदोन्नती तथा नयाँ कर्मचारी नियुक्ति र परिक्षणकालमा अनुर्तिण कर्मचारीलाई हटाउने निर्णय अनुमोदन।

६. प्रमुख कार्यकारीको तलब, भत्ता/संचालक समिति/लेखा समिति बैठक भत्ता अनुमोदन सम्बन्धमा।

७. ऋण अपलेखनको निर्णय अनुमोदन सम्बन्धमा।

८. ऋणमा व्याज छुट (रिवेट) प्रदान गर्ने निर्णय अनुमोदन गर्ने।

९. यस संस्थाको पो.म.न.पा.-८, सिमलचौर स्थित कित्ता नं. ३७ क्षे.फ. १८६.६० वर्गमिटरको खाली जमिन वार्षिक रु. ३,५०,०००/- (अक्षेरुपी रु. तीन लाख पचास हजार) लिने गरी ड्याडिज किचन रेष्टुरेन्टलाई

पुनः २ वर्षको निमित्त भाडामा दिने निर्णयलाई आजको सभाबाट अनुमोदनको निमित्त अनुरोध गर्दछु ।

१०. आ.व. २०८१/८२ को लेख परिक्षण पश्चात शेयर लाभांश कोष र संरक्षित पूँजी फिर्ता कोषमा बाँडफाड भएको रकमलाई लाभांशबाट वितरण नगर्ने र उक्त रकम जगेडा कोषमा जम्मा गरि संस्थागत पूँजीलाई वृद्धि गर्ने प्रस्तव यस सम्मानित सभा समक्ष पेश गर्दछु ।

११. संस्थाले रजत जयन्ती मनाईरहेको सन्दर्भमा केही नविन कार्यहरु गर्ने प्रस्ताव अनुमोदन गरिदिनुहुन अनुरोध गर्दछु ।

**शोक प्रस्ताव**

आ.व. ०८१/८२ मा संस्थाका सदस्य श्री दिनेश कुमार तफ्र्या र श्री दुर्गा बराल ढकालज्यूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकमा रहनुभएका परिवाजनप्रति हार्दिक समवेदना प्रकट गर्दै यस सभाबाट दिवंगत आत्माको चिरशान्तीको कामना गर्दछौं ।

अन्त्यमा,

मात्र २७ जना सदस्यहरुबाट प्रति सदस्य रु. २५०००/- (पच्चिस हजार)का दरले शेयर पूँजि जम्मा गरि आजभन्दा साढे दुई दशक अगाडी आफ्नो व्यवसायीक आवश्यकताको निमित्त स्थापित संस्था आज करिब १ अर्बको सम्पत्ती तथा दायित्व बनाउन सफल भएको छ । सहकारी व्यवसाय अत्यन्तै प्रतिकूल अवस्थामा रहेता पनि सदस्यहरुको माग अनुसारको ऋण प्रवाह दीर्घकालिन पेन्सन बचतहरुको भुक्तानी तथा सदस्य सेवाका कार्यहरुमा संस्थाले निरन्तर प्रदान गरिरह्यो । त्यसैगरी विषयगत उपसमितिहरु मार्फत सम्पन्न गर्नुपर्ने वार्षिक कार्यक्रमहरु अन्य सामाजिक उत्तरदायित्व बहनका कार्यक्रमहरु बजेटको सिमा भित्र रहेर सम्पन्न गर्न संस्था सफल भएको छ। संस्थाले २५ वर्ष पुरा गरी रजत जयन्ती मनाईरहेको यस पुनित अवसरमा सहकारीका मूल्य-मान्यता र सिद्धान्त अनुरुपमा समाजिक उत्तरदायित्व वहनका कार्यहरु समेत विभिन्न सामाजिक संघ संस्थासँग सहकार्य गरि भव्य रुपमा सम्पन्न गरेका छौं । यस आर्थिक वर्षमा संस्थालाई तालिम, गोष्ठीहरुमा सहभागि हुन सहयोग पुऱ्याउने गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, राष्ट्रिय सहकारी बैङ्क लि., नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटेड (नेफ्स्कुन), जिल्ला सहकारी संघ लिमिटेड-कास्की, कास्की बचत तथा ऋण सहकारी संघ लि., पोखरा महानगर सहकारी समिति साथै निवर्तमान अध्यक्षज्यू, सल्लाहकारज्यूहरु, विषयगत उपसमितिका मित्रहरु, कर्मचारी वर्ग र शेयर सदस्यज्यूहरुको सहयोग सद्भाव र विश्वासको हामीले उच्च मूल्याङ्कन गरेका छौं । चालु आ.व. मा समेत यसै प्रकारको सहयोगको अपेक्षा गर्दै यस प्रतिवेदन उपर व्यापक छलफल गरि सुझाव सहित पारित गरिदिनुहुन यस गरिमामय सभा समक्ष अनुरोध गर्दछु। धन्यवाद ।

जय सहकारी !! जय विशाल !!

**अध्यक्ष**
**शिव शर्मा**
२०८२ कार्तिक २२ गते, शनिबार
(8th November, 2025)

# बिशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
# Bishal Saving & Credit Co-operative Society Ltd.

## २६ औं वार्षिक साधारण सभामा
## कोषाध्यक्षको तर्फबाट प्रस्तुत आ.व. २०८१/०८२ को प्रतिवेदन

यस संस्थाको २६ औं वार्षिक साधारण सभाका अध्यक्ष महोदय, श्रद्धेय प्रमुख अतिथिज्यू, निवर्तमान अध्यक्षज्यू, उपाध्यक्षज्यू, सचिवज्यू, लेखा संयोजकज्यू, वरिष्ठ सल्लाहकारज्यू, कानूनी सल्लाहकारज्यू, सल्लाहकार ज्यूहरु, संचालकज्यूहरु, लेखा सदस्ज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवम् सदस्यज्यूहरु कर्मचारी मित्रहरु, शेयर सदस्यज्यूहरु यहाँहरु सबैमा संस्थाको कोषाध्यक्षको हैसियतबाट एवम् मेरो व्यक्तिगत तर्फबाट समेत सहकारी अभिवादन व्यक्त गर्दछु।

अधिकांश सदस्यहरु व्यापार व्यवसायमा आबद्ध रहेको यस सहकारी संस्थामा सदस्यहरुको व्यवसायमा देखा परेको व्यवसायिक मन्दिका कारण विशेष गरी ऋण असुली तथा लगानीमा हाम्रो लक्ष्य पुरा हुन सकेन अर्कोतर्फ राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्धारा जारी मापदण्डका कारण ऋणको जोखिम व्यवस्थापन खर्चमा भएको वृद्धिले गर्दा संस्थाको खुद बचतमा प्रत्यक्ष प्रभाव पर्न गई लाभांश वितरण गर्न कठिनाई हुन पुगेको छ।जसको कारण चालु आ.व. मा संस्थाले ऋण अशुली कार्यलाई थप प्रभावकारी र लगानी प्रकृयालाई सरल बनाउँदै न्यून ब्याजदर कायम गरि ऋण लगानी वृद्धि गर्नु पर्नेछ। संस्थाले यस आ.व. मा न्यूनतम खर्चमा मितव्ययी ढंगबाट कार्यक्रमहरु सम्पन्न गरेको छ। जसको फलस्वरुप संस्थाको सञ्चालन खर्च १.१४% मात्र रहेको जानकारी गराउँदछु।

**सदस्यज्यूहरु, यहाँहरु समक्ष संस्थाको कारोबारको मुख्य विवरण एवम अन्य आर्थिक प्रस्तावहरु यो सभामा पेश गर्ने अनुमती चाहन्छु।**

### १. बचत संकलन तथा फिर्ता

आदरणीय सदस्यज्यूहरु यस संस्थाले आ.व. २०८१/०८२ मा रु. २,१३,९१,१५,५५३ (दुई अर्ब तेह्र करोड एकानब्बे लाख पन्ध्र हजार पाँच सय त्रिपन्न) बचत संकलन गरी रु. २,०९,५५,३१,७९३/- (दुई अर्ब नौ करोड पच्पन्न लाख एकतीस हजार सात सय त्रियानब्बे) फिर्ता गरेको छ। जस अनुसार ०८२ आषाढ मसान्तसम्म संस्थाको जम्मा बचत (निक्षेप) रु. ७६,२३,३४,५६७/- (छयत्तर करोड तेइस लाख चौंतीस हजार पाँच सय सट्सठ्ठी रुपैंया) पुगेको छ।

### २. ऋण लगानी तथा असुली

यस आ.व.मा रु. २६,५०,३३,०००/- (छब्बीस करोड पचास लाख तेत्तीस हजार रुपैंया) ऋण लगानी गरी रु. २७,८२,१२,७५४/- (सत्ताईस करोड बयासी लाख बाह्र हजार सात सय चौउन्न रुपैंया) ऋण असुली गर्न संस्था सफल भई २०८२ आषाढ मसान्त सम्म संस्थाको जम्मा ऋण रकम रु. ६७,४५,१५,७८७/- (सटसठ्ठी करोड पैतालिस लाख पन्ध्र हजार सात सय सतासी रुपैंया) पुगेको जानकारी गराउँदछु।

### ३. नगद सुरक्षाको व्यवस्था

यस संस्थाले नगद भल्टको रु. ४०,००,०००/- (अक्षरुपी चालिस लाख) र काउण्टरको रु. १०,००,०००/-

(अक्षरुपी दश लाख) को विमा गरी नगद सुरक्षाको व्यवस्था मिलाइएको जानकारी गराउँदछु ।

### ४. कोष रकमान्तर

आ.व. २०८१/०८२ को मुनाफा बाँडफाँड पश्चात खर्च नभई बाँकी रहेको निम्न अनुसारको रकम जगेडा कोषमा रकमान्तर गरी संस्थागत पूँजी वृद्धि गरिएको छ।

| | |
|---|---|
| क) सहकारी शिक्षा कोष | रु. ३,०३,९६२/- |
| ख) सहकारी विकास कोष | रु. २,९३४/- |
| ग) सामुदायिक विकास कोष | रु. २,९२,३९२/- |
| घ) घर जग्गा कोष | रु. २,८५,०००/- |
| ङ) संरक्षित पूँजी फिर्ता कोष | रु. ५,०८,९९२/- |
| | **जम्मा रु. १३,९३,२८०/-** |

### ५. संस्थागत पूँजीको अवस्था

यस संस्थाको संस्थागत पूँजी निम्न बमोजिम रहेको जानकारी गराउँदछु।

| | | | आ.व. ०८१/०८२ | आ.व. ०८२/०८३ |
|---|---|---|---|---|
| क) | जगेडा कोष | - | रु. ६,७३,६१,६९६/- | ६,९२,९६,६६१/- २.८७ वृद्धि |
| ख) | घाटापूर्ति कोष | - | रु. ४०,३२,५८४/- | ४०,८५,९५९/- १.३२ वृद्धि |

### ६. शेयर पूँजी

| | |
|---|---|
| यस संस्थाको गत आ.व. सम्मको शेयर पुँजी | रु. १०,६३,४८,०००/- |
| यस आ.व. मा थप भएको शेयर पुँजी | रु. ४९,१६,०००/- |
| यस आ.व. मा फिर्ता भएको शेयर पुँजी | रु. १,३१,१७,५००/- |
| २०८२ आषाढ मसान्तसम्मको शेयर पुँजी | रु. ९,८१,४६,५००/- |

### ७. संस्थाका तरलताको अवस्था

सहकारी ऐन २०७४ बमोजिम कूल निक्षेप रकमको १५% रकम तरलता राख्नुपर्ने नियम भएतापनि २०८२ आषाढ मसान्तमा ३२.३५% रहेको हुँदा संस्थामा प्रयाप्त मात्रामा तरलता रहेको जानकारी गराउँदछु।

### ८. सदस्य राहत वितरण विवरण

क) जेष्ठ सदस्य राहत वितरण ख) सदस्य मृत्यु राहत ग) सदस्य दुर्घटना राहत

### ९. व्याजदर संरचना

सहकारी ऐन २०७४ गण्डकी प्रदेश सहकारी ऐन २०७५ र सन्दर्भ व्याजदर समितिले तोक्ने व्याजको सिमाभित्र रही बचत तथा ऋणको व्याजदर कायम गरिएको छ जस अनुसार ऋण र बचतको व्याजदरको अन्तर (Interest Spread Rate) ४.९६% मात्र रहेको छ।

### १०. आम्दानी तथा खर्चको व्यवस्था

यस संस्थाले प्रत्येक आर्थिक वर्षको बजेट आषाढ मसान्त भित्र बनाई साधारण सभाबाट अनुमोदन गराई आय-

व्यय गर्ने गरेको र उक्त वार्षिक बजेटको सिमा भित्र रहेर खर्च गर्ने अधिकतम प्रयास भएको छ, विशेष कारणवश खर्च अधिक भएमा साधारण सभाबाट अनुमोदन गराएका छौं ।

**११. वित्तिय सुशासन एवम् प्रविधि**

क) यस संस्थाले आर्थिक कारोबारहरु संस्थाको विनियम तथा नीति कार्यविधि अन्तर्गत रहेर गर्ने गरेको छ । कारोबारलाई पारदर्शी एवम् सुरक्षित बनाउनको निमित्त Finacct Plus Software मार्फत हरहिसाब राखी सम्पूर्ण कारोबारको सुरक्षित Backup को निमित्त Cloud System प्रयोग गरेको जानकारी गराउँदछु । गत वर्षिक साधारण सभाबाट पारित वार्षिक नीति कार्यक्रम तथा बजेटको परिधिभित्र रहेर आर्थिक कारोबार भएको जानकारी गराउँदछु ।

ख) Devanasoft Pvt. Ltd. सग सम्झैता गरी सदस्यज्यूहरुलाई एक दिनमा रु. २ लाख सम्मको कारोबारको सिमामा मोबाइल बैकिङ मार्फत र व्यापार व्यवसाय संचालन गर्ने सदस्यज्यूहरुलाई क्यू.आर.कोड (QR Code) को सेवा उपलब्ध गराइएको छ।

**१२. बचत तथा ऋण योजना**

१) ऋण सुविधाको लागि सदस्यज्यूहरुलाई अल्पकालिन लघुऋणको सुविधा एक दिनभित्रै गराइएको जानकारी गराउन चाहन्छु ।

२) मर्मत तथा संभार ऋण शिर्षकमा सदस्यज्यूहरुलाई यस आ.व.बाट थप ऋण सुविधाहरु उपलब्ध गराइएको जानकारी गराउँदछु ।

३) घरायसी सामानहरु खरिदको लागि घरायसी कर्जा समेत संस्थाले उपलब्ध गराइरहेको जानकारी गराउँदछु । (रु. ५०,०००/-) भन्दा माथि घरायसी सामान खरिदमा मात्र)

**१३. लेखा परिक्षण**

यस संस्थाले नेपाल चार्टड एकाउन्टेन्टस् संस्थाबाट जारी नेपाल लेखा परिक्षणमान पालना गरी लेखा परिक्षण एवम् चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण गरिएको छ ।

१) यस आ.व. ०८१/०८२ मा संस्थाले कुल आम्दानी रु. ८,९६,२२,२६७/- र कुल खर्च रु. ८,६६,१३,३३७/- भएको आयकर ७,३२,२८६/- छ जस अनुसार बचत (खुद मुनाफा) १९,१०,५००/- (उन्न्याईस लाख दश हजार पाँच सय रुपैंया) मात्र भएको छ। जसको बाँडफाँड संस्थाको विनियममा उल्लेखित कोषहरु बमोजिम भएको जानकारी गराउँछु ।

२) संस्थाको ऋण नोक्सानी व्यवस्था कोषमा यस आ.व.मा गत आ.व. को तुलानामा रु. १,३८,१५,७००/- थप भई रु. २,६०,५३,३४२/- पुगेको छ जो राष्ट्रिय सहकारी प्राधिकरणको नियमानुसार रहेको छ ।

३) संस्थाको गत आ.व.को कुल कारोबारको तुलनामा यस आ.व. मा करिब ४.३५% ले मात्र बृद्धि भई रु. ९९,८२,८७,३५९/- पुगेको छ ।

४) संस्थाले यस आ.व.मा आयकर बापत रु. ७,३२,२८६/- र अन्य विविध शिर्षकहरुमा गरी जम्मा रु. ४९,६६,९७४/- सम्बन्धित कार्यालयमा दाखिला गरी करचुक्ता प्रमाण-पत्र प्राप्त भईसकेको जानकारी गराउँदछु ।

५) सन्दर्भ व्याजदर समितिको बैठकको निर्णय बमोजिम सदस्यहरुलाई ऋणको व्याज अधिकतम १५ प्रतिशत कायम गरिएको जानकारी गराईन्छ साथै वित्तिय बजारको अवस्था अनुसार समय सापेक्ष परिवर्तन गर्दै लगिएको छ ।

६) सदस्य राहत कोषमा राहत वितरण पश्चात गत आ.व. मा रु. २०,६५,५५८/- रहेकोमा रु. ८८,१००/- खर्च भएको र यस आ.व.मा रु. ५३,३७४/- थप भइ रु. २०,३०,८३३ पुगेको जानकारी गराउँदछु।

७) सहकारी प्रवर्द्धन कोषमा रहेको रकम रु. ३,७४,३८७/- नेपाल सरकार सहकारी प्रवर्द्धन कोषको खातामा जम्मा गरिएको।

८) सदस्य पहिचान फारम (KYM) विवरण संस्थामा नबुझाउनु भएका सदस्यज्यूहरुलाई यथासीघ्र बुझाएर सहयोग गरिदिनुहुन र समय समाप्त भएका सदस्यज्यूहरुलाई संस्थामा आएर नविकरण गरिदिनु हुन अनुरोध गर्दछु।

९) यस संस्थाको बाह्य ऋण तथा अन्तर सहकारी कारोवार नरहेको जानकारी गराउँदछु।

**सम्मानित सभामा निम्न बमोजिमका प्रस्तावहरु पारित गरिदिनुहुन पेश गर्दछु।**

१) आ.व. ०८१/०८२ का कोष बाँडफाँड पश्चात खर्च नभई बाँकी रहेको रकम साधारण जगेडा कोषमा रकमान्तर गर्न संचालक समितिलाई अख्तियारी दिने।

२) प्रमुख कार्यकारी अधिकृतको मासिक पारिश्रमिक तथा ईन्धन सुविधालाई स्वीकृतार्थ प्रस्ताव गर्दछु।

३) प्रमुख कार्यकारी अधिकृतज्यूद्वारा प्रस्तावित आगामी आ.व. २०८१/०८२ को अनुमानित बजेट तथा कार्यक्रम।

४) संचालक समितिको बैठक भत्ता एवम् बैठक खर्चलाई स्वीकृतार्थ प्रस्ताव गर्दछु।

५) मोबाइल बैकिङ, क्यू.आर सेवा एवम् विविध विद्युतीय कारोबार संचालनका निमित्त विद्युतीय कारोबार कार्यविधि-२०८२ निर्माण गर्ने प्रस्ताव पेश गर्दछु।

६) व्याजदर परिवर्तन सम्बन्धी संचालक समितिको निर्णय अनुमोदनको प्रस्ताव पेश गर्दछु।

७) आ.व. ०८१/०८२ को प्रस्तावित बजेट मध्ये निम्न शिर्षकहरुमा स्विकृत बजेट भन्दा बढि खर्च हुने गएको हुँदा आजको सभाबाट अनुमोदनको प्रस्ताव पेश गर्दछु।

| क्र.सं. | खर्च शिर्षक | स्विकृत रकम | खर्च भएको रकम | अनुमोदन गर्नुपर्ने रकम | औचित्य/कारण |
|---|---|---|---|---|---|
| १. | ऋण जोखिम कोष खर्च | ४००००००/- | १३८१५७००.११ | ९८१५७००.११ | ऋण असुली नियमित हुन नसकी र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको नियमानुसार व्यवस्थापन गर्नुपरेको हुँदा |

अन्त्यमा यस प्रतिवेदन उपर छलफल गरी पारित गरिदिनुहुन यस गरिमामय सभाका शेयर सदस्यज्यूहरु प्रति हार्दिक अनुरोध गर्दछु।

जय विशाल। जय सहकारी॥

इन्द्रराज अर्याल
कोषाध्यक्ष

**बिशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Bishal Saving & Credit Co-operative Society Ltd.**

**२६ औं वार्षिक साधारण सभामा**
**संचालक समितिको तर्फबाट प्रमुख कार्यकारी अधिकृत**
**श्री सुदिप ढकालद्वारा प्रस्तुत**
**आ.व. २०८१/०८२ को वार्षिक नीति कार्यक्रम तथा बजेट**

श्रद्धेय अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू, पदाधिकारीज्यूहरु, लेखा समितिका संयोजकज्यू, वरिष्ठ सल्लाहकारज्यू, कानुनी सल्लाहकारज्यू, संचालकज्यूहरु, लेखा समिति सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवम् सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, उपस्थिति शेयर सदस्यज्यूहरुमा सहकारी अभिवादन एवं हार्दिक नमन व्यक्त गर्दछु।

सहकारी नैतिकताको बलमा शुसासनको जगमा सदस्यज्यूहरुको विश्वासमा हामी र हाम्रो भन्ने सामुहिक भावनाबाट गर्भ देखि स्वर्ग सम्मको कार्य गर्ने सामाजिक र व्यवसायिक संगठन हो। करिब १८० वर्ष अगाडी समाजबाट भोकमरी, गरिबी र सामाजिक असमानता कम गर्नाका खातिर जर्मनीका समाजसेवी F.W. Raifeser जस्ता महान् मानिसहरुले अत्यन्तै सानो पूँजी सानो समुहबाट र ठुलो त्यागबाट शुरुवात गरिएको एक उत्कृष्ट व्यवसाय हो। हामीहरुले हाम्रै लागि भनि करिब २६ वर्ष अगाडी स्थापित यस विशाल बचत तथा ऋण सहकारी **"समुदायमा आधारित एक उत्कृष्ट वित्तिय सहकारी" भन्ने संस्थाको परिकल्पना** (**Vision**) **र 'सहकारीका मूल्य-मान्यता सिद्धान्तमा आधारित आधुनिक प्रविधि र सक्षम मानव स्रोत सहित सदस्यहरुको आर्थिक सामाजिक विकासका लागि उत्कृष्ट वित्तिय सहकारीको रुपमा स्थापित संस्था'** संस्थाको ध्येय (Mission) रहेको जानकारी गराउँछु। यस प्रकार संस्थाले आफ्नो व्यवसायीक, रणनीतिक योजना प्रष्ट पारेर व्यवसाय अगाडी बढाए तापनि व्यवसायमा आएको मन्दी, जेनजी आन्दोलन, अधिक तरलता लगायतका विविध प्रकारका चुनौतिहरुको सामाना संस्थाले गर्नुपरेको यहाँहरु समक्ष छर्लङ्गछ, विशेष गरी अधिक तरलता, उत्पादनशिल क्षेत्रबाट ऋणको माग ज्यादै न्यून, अनुत्पादनको क्षेत्रको ऋण असुलिमा कठिनाई लगायतका कारणले गत वार्षिक साधारण सभाबाट प्रस्तावित सम्पूर्ण लक्ष्यहरु शत प्रतिशत हासिल गर्न सम्भव भएन, तर जुन प्रतिकुल परिस्थिति सहकारी व्यवसायमाथी आईलाग्यो, कुल ३४ हजार सहकारी संस्थाहरु मध्ये १% भन्दा पनि कम सहकारीमा देखिएको विभिन्न प्रकारका समस्याहरुका कारण आजको दिनमा २०% भन्दा बढिको वित्तिय क्षेत्रमा योगदान पुऱ्याई रहेको ९४ हजार मानिसलाई प्रत्यक्ष रोजगार प्रदान गरिएको र राज्यको कुल ग्राहस्थ उत्पादन (GDP) मा ३% भन्दा बढि योगदान गरी ७ खर्व भन्दा बढिको वित्तिय कारोबार गरिएको सहकारी व्यवसायलाई जसरी बदनाम गराउन खोजिएको छ वास्तवमा यथार्त त्यो होईन। यसै सन्दर्भमा संस्थाको कार्ययोजना अनुसारको निति तथा कार्यक्रममा वासलातको आकार वृद्धि भन्दा पनि प्रभावकारी र गुणस्तरीय सेवा सहित सुरक्षित र दिगो रुपमा व्यवसाय संचालनको निति अवलम्वन गर्दै विशेषत सदस्य वृद्धि योजना सदस्य सेवाका कार्यक्रमहरु, उत्पादनशिल क्षेत्रमा ऋण लगानी, ग्रामिण ईलाकामा ऋण लगानी, समय सापेक्ष आधुनिक प्रविधिहरुको प्रयोग, गाउँपालिका केन्द्रित सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु र संस्थागत पूँजीको वृद्धि साथमा नेपाल सरकार सहकारी विभाग गण्डकी प्रदेशको निर्देशन र हालै राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्धारा जारी मापदण्ड निर्देशन सदस्यज्यूहरुबाट विगतमा प्राप्त

सुझाव अझ विशेष रुपमा हाल नेपालको वित्तिय बजारमा देखिएको अधिक तरलता न्यून रुपमा ऋणको माग, बैंक तथा फाईनान्स कम्पनीहरुसँग चर्को वित्तिय प्रतिस्पर्धा लगायतका विषयहरुलाई मध्यनजर गर्दै यस वर्षको कार्यक्रम तथा बजेट गतवर्षको बजेट कारोबारको समिक्षा सदस्यज्यूहरुको सुझाव, परिवर्तित करको दर नेपाल सरकारले अपनाएको सहकारी सम्बन्धी निति लाई आधार मानेर अनुमानित बजेट तथा वार्षिक निति र कार्यक्रम तर्जुमा गरी आजको सभा समक्ष पेश गरेका छौं ।

## नीति तथा कार्यक्रमको मूख्य आधार र प्राथमिकता

चालु आ.व. को निमित्त देहाय बमोजिम नीति तथा कार्यक्रमहरुलाई प्राथमिकता प्रदान गरिएको छ।

- नियामक निकायको निर्देशन बमोजिम नियमित मासिक बचतलाई प्रमुख प्राथमिकता राखि कम्तिमा चालु आ.व मा कम्तीमा १५% पुऱ्याउने ।
- सदस्य विस्ततारको निमित्त घरदैलो कार्यक्रम संचालन गर्ने ।
- संस्थागत सुशासन र संस्थागत पूँजीलाई महत्वका साथ प्राथमिकतामा राख्ने ।
- सहकारी अभियान सँग समन्वय गर्ने र असल अभ्यासमा सञ्चालनमा रहेका संस्थाहरुसँग अर्न्तरसहकारी सम्बन्ध विकास गर्ने ।
- नियामक निकायको निर्देशन पालना गदै तालिम/प्रशिक्षणको निमित्त सम्पर्कमा रहने ।
- व्यवस्थापन पक्षलाई चुस्त दुरुस्त राख्न आवश्यक तालिम प्रदान गर्ने ।
- सदस्य शिक्षा/सदस्य केन्द्रित व्यवसायलाई प्राथमिकतामा राख्ने ।
- खराब ऋण असुलीलाई तिब्रता दिने, आवश्यक प्रकृया अगाडी बढाउने ।
- स-साना रकमका लघुऋणहरुलाई प्राथमिकतामा राख्ने ।
- समुदाय केन्द्रित सामाजिक उत्तरदायित्वका कार्यक्रम र विस्तारित मन्च भेलाका कार्यक्रमहरुलाई अझ व्यापक एवं सार्थक बनाउने र पालिकाहरुका सामाजिक संस्थाहरुसँग सहकार्य गर्ने ।

## अनुमानित बजेट

श्रद्धेय अध्यक्षज्यू एवं शेयर सदस्यज्यूहरु,

म आ.व.०८२/०८३ को देहायबमोजिमको अनुमानित बजेट पेश गर्ने अनुमती चाहन्छु ।

**आम्दानी तर्फ**

| शिर्षक | आ.व. ०८१/८२ को प्रस्तावित (रु.) | आ.व. ०८१/८२ को वास्तविक (रु.) | आ.व. ०८२/८३ को अनुमानित (रु.) |
|---|---|---|---|
| ऋणबाट ब्याज | ११,२०,००,०००/- | ७,८१,४८,०१५/- | १०,२५,३७,८००/- |
| बैंक ब्याज | ६०,५०,०००/- | ६१,३३,७४६/- | ६०,५५,९००/- |
| व्यवस्थापन शुल्क | ४२,५०,०००/- | ३६,६६,६०७/- | ३७,५५,०००/- |
| विविध आम्दानी | ११,३०,०००/- | १६,७३,८९९/- | १४,५५,६००/- |
| **जम्मा** | ११,३४,३०,०००/- | ८,९६,२२,२६७/- | ११,३८,०४,३००/- |

## खर्च तर्फ

| क्र.सं. | शिर्षक | आ.व. ०८१/८२ को प्रस्तावित (रु.) | आ.व. ०८१/८२ को वास्तविक (रु.) | आ.व. ०८२/८३ को अनुमानित (रु.) |
|---|---|---|---|---|
| १ | ब्याज खर्च | ६,९०५५,०००/- | ६,१३,१८,४१५/- | ६,०५,४८,६००/- |
| २ | घर भाडा | ८,५०,०००/- | ८,२२,१५६/- | ९,२५,०००/- |
| ३ | मसलन्द | २,३५,०००/- | १,२०,०४३/- | २,३५,०००/- |
| ४ | तलब/भत्ता/ग्रेड | ७६,८५,३००/- | ५८,९४,७४९/- | ६४,२५,७००/- |
| ५ | विद्युत/पानी | १,००,०००/- | ८५,११५/- | १,०५,०००/- |
| ६ | कार्यालय बिमा | ५०,०००/- | ८३,५१७/- | १,००,०००/- |
| ७ | कार्यालय संचालन खर्च | १,५५,०००/- | १,२१,४७२/- | १,८५,०००/- |
| ८ | लेखा परिक्षण शुल्क | १,७५,०००/- | १,७५,०००/- | २,७५,०००/- |
| ९ | पोशाक खर्च | १,२५,०००/- | ८०,०००/- | १,२५,०००/- |
| १० | इन्धन खर्च | ९६,०००/- | ३३,७७५/- | ७८,०००/- |
| ११ | साधारण सभा खर्च | १३,१०,०००/- | ८,७६,३३०/- | ११,२५,०००/- |
| १२ | मर्मत सम्भार | १,००,०००/- | ६८,६३२/- | १,००,०००/- |
| १३ | विविध खर्च | १,९५,०००/- | ८१,१४०/- | ७०,०००/- |
| १४ | सूचना प्रकाशन खर्च | ६५,०००/- | ३२,२९५/- | १,५५,०००/- |
| १५ | अतिथि सत्कार | १,२५,०००/- | ६४,१४९/- | १,००,०००/- |
| १६ | ह्रासकट्टी खर्च | २,१०,०००/- | १३५,७७८/- | २,२५,०००/- |
| १७ | बैठक भत्ता | ५,७७,०००/- | ४,५४,०००/- | ५,७०,०००/- |
| १८ | कर्मचारी उपदान | १०,००,०००/- | १०,००,०००/- | १०,००,०००/- |
| १९ | टेलिफोन/सञ्चार | ६७,०००/- | ४६,००३/- | ८४,०००/- |
| २० | पत्र-पत्रिका खर्च | १४,०००/- | ३,२००/- | १५,०००/- |
| २१ | सफ्टवयेर नविकरण | १,५०,०००/- | १,२८,८२०/- | १,५०,०००/- |
| २२ | कानुनी परामर्श खर्च | ४८,०००/- | ४८,०००/- | ४८,०००/- |
| २३ | बैंक चार्ज खर्च | १२,५००/- | ७,१९१/- | २०,०००/- |
| २४ | रिबेट (ब्याज छुट खर्च) | १,८०,०००/- | ७,५९५/- | ५,००,०००/- |
| २५ | कर्मचारी विदा भुक्तानी | ३,७५,०००/- | २,३६,८१४/- | ३,००,०००/- |
| २६ | कर्जा जोखिम व्यवस्था | ४०,००,०००/- | १,३८,१५,७००/- | १,१५,००,०००/- |
| २७ | आन्तरीक भ्रमण | ८५,०००/- | ७,१०५ | ५५,०००/- |
| २८ | कर्मचारी औषधी उपचार | ३,७५,०००/- | २,८३,५१७/- | ३,००,०००/- |
| २९ | स्थिर सम्पत्ती अपलेखन | ४०,०००/- | - | २५,०००/- |
| ३० | सरसफाई खर्च | १,१५,०००/- | १,००,६८०/- | १,२५,०००/- |
| ३१ | रजत जयन्ती महोत्सव | - | - | २,००,०००/- |
| ३२ | सुरक्षा गार्ड (चौकिदार) | २,००,०००/- | १,७४,०००/- | २,००,०००/- |
| ३३ | शिक्षा/तालिम खर्च | २,६०,०००/- | १,७०,२६२/- | २,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| ३४ | व्यवसाय दर्ता खर्च | ४०,०००/- | १३,६१६/- | ४०,०००/- |
| ३५ | मावाईल बैंकिङ | १,७५,०००/- | ७७,५७२/- | १,५०,०००/- |
| ३६ | नविकरण खर्च | ३६,०००/- | ७,६४५/- | ३०,०००/- |
| ३७ | बैठक खर्च | ७५,०००/- | ३९,०५०/- | ७५,०००/- |
| ३८ | **जम्मा** | ८,८३,६४,८००/- | ८,६६,१३,३३७/- | ८,६३,६४,३००/- |

## बार्षिक नीति तथा कार्यक्रम र बजेट

| क्र.स. | कार्यक्रम | संख्या | रकम | सम्बन्धित निकाय | मिति | प्रक्रिया |
|---|---|---|---|---|---|---|
| १ | शेयर संकलन | १५० | ७५ लाख | संचालक समिति | ०८२/८३ | सदस्य बिस्तार |
| २ | शेयर हस्तान्तरण | ३८ | ८० लाख | संचालक समिति | ०८२/८३ | आवश्यकता अनुसार समायोजन |
| ३ | निक्षेप/बचत संकलन | ३५७३ | २१६ करोड | ब्यवस्थापन | ०८२/८३ | मासिक बचत/ऐच्छिक आवधिक |
| ४ | निक्षेप/बचत भुक्तानी | ३५६० | २१२ करोड | ब्यवस्थापन समूह | ०८२/८३ | आवश्यक्ता अनुसार |
| ५ | ऋण लगानी | १८० | २७ करोड | ऋण उपसमिति/ समिति ऋण बिभाग | ०८२/८३ | सँस्था ऋण निति अनुसार |
| ६ | ऋण असुली | ४६६ | २१ करोड | ऋण बिभाग/ऋण उपसमिति | ०८२/८३ | ऋण निति अनुसार |
| ७ | सदस्यता बिस्तार | १४५५ | | संचालक समिति/ब्यवस्थापन समूह | ०८२/८३ | बिनियम अनुसार |
| ८ | स्थापना दिवश | १ | २ लाख | संचालक समिति | ०८२-भाद्र | समूह मार्फत |
| ९ | महिला क्षमता बिकास एबं हरितालिका तिज कार्यक्रम | १ | १.५० लाख | महिला उपसमिति | ०८२-भाद्र | समूह मार्फत |
| १० | तालिम तथा अन्तरक्रिया कार्यक्रम | २ | २ लाख | शिक्षा उपसमिति | ०८२-मंसिर | समूह मार्फत |
| ११ | सदस्य शिक्षा तथा बिस्तारित मन्च | १ | २.५० लाख | ब्यवसाय प्रवर्द्धन उपसमिति | ०८२-माघ | समूह मार्फत |
| १२ | अन्तर सहकारी खेलकुद प्रतियोगिता | १ | १ लाख | खेलकुद उपसमिति | ०८२-फाल्गुन | सँस्थागत रुपमा |
| १३ | विस्तारित मञ्च | १ | २.५ लाख | व्यवसाय प्रवर्द्धन | फल्गुन | समूह कार्य |
| १४ | राष्ट्रिय सहकारी दिवस | १ | ५० हजार | सूचना तथा सञ्चार उपसमिति | ०८२-चैत्र | समूह मार्फत |
| १५ | बित्तिय साक्षरता कार्यक्रम | १ | ५० हजार | युवा तथा सँस्कृति उपसमिति | ०८३-बैशाख | समूह मार्फत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | स्वास्थ्य शिविर | १ | १ लाख | स्वास्थ्य उपसमिति | ०८३-जेष्ठ | समूह मार्फत |
| १७ | जोखिम व्यवस्थापन सम्बन्धी अन्तरक्रिया | १ | ५० हजार | जोखिम व्यवस्थापन उपसमिति | ०८३-जेष्ठ | समूह मार्फत |
| १८ | बार्षिक निति तथा कार्यक्रम र बजेट निर्माण | १ | ५० हजार | संचालक समिति | ०८३-आषाढ | समूह मार्फत |

**श्रद्धेय अध्यक्षज्यू एवम् सदस्यज्यूहरु**

आजभन्दा २५ वर्ष अगाडी जुन बखत पोखरामा बैंक बित्तिय संस्थाको उपस्थिति अत्यन्तै कम रहेको अवस्थामा सामान्य ऋण लिन पनि अनेकौं झमेलाहरु झेल्नुपर्ने अवस्थाले गर्दा आफ्नो व्यापार व्यवसाय संचालनको निमित्त आवश्यक पर्ने सामान्य रकम ऋण स्वरुप लिने र स-साना रकमहरु दीर्घकालिन रुपमा वचत गर्ने उद्देश्यका साथ थोरै पूँजी र मात्र ५ वटा वडाहरुलाई कार्यक्षेत्र बनाएर स्थापना भएको यस संस्थाले आज झण्डै १ अर्बको कारोबार गर्दै गण्डकी प्रदेशकै उत्कृष्ट वित्तिय सहकारी संस्थाको रुपमा पुरस्कृत हुन पुगेको छ। यस अविस्मरणीय पलमा संस्था स्थापनाकालदेखि हालसम्म आवद्ध रहनुभएका साथै आफ्ना व्यक्तिगत कारणले बाहिर रहनुभएका सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु, विशेष गरि दुई दशक भन्दा बढि संस्थाको नेतृत्व गर्नुभएका संस्थापक अध्यक्ष श्रद्धेय श्री भुवन नेम्कूलज्यूलाई हार्दिक सम्मान व्यक्त गर्दछु।

"सहकारी संस्था पैसाले होईन, सदस्यको विश्वासले चल्छन्" भन्ने वास्तविकतालाई आत्मसाथ गर्दै संस्थाले आफ्नो व्यवसायिक योजना निर्माण गरेको हुँदा सहकारी व्यवसायमाथि आईपरेका विविध समस्याहरु साथै सहकारी प्रति प्रवाह भईरहेका नकरात्मक सन्देशहरुका बाबजुद पनि यस संस्थाले सुरक्षित एवम् दिगो रुपमा आफ्ना सम्पूर्ण सेवाहरु र वार्षिक कार्यक्रमहरु निर्धारित समय सिमा भित्र सम्पन्न गर्न सफल भएको छ। यसर्थ सदस्यज्यूहरुको सुझाव, गत वर्षको वित्तिय सूचाङ्कहरुको समिक्षँ, हालको वित्तिय बजारको अवस्था, सहकारीका मूल्य मान्यता एवम् नियामक निकायद्वारा जारी निर्देशन र सल्लाहकारज्यूहरुको मार्गनिर्देशन बमोजिम यस वर्षको निति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेका छौं। यस उपर व्यापक छलफल गरी पारित गरिदिनुहुन यस सम्मानित सभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरुमा अनुरोध गर्दछु।

धन्यवाद ! जय सहकारी !! जय विशाल सहकारी !!!

**सुदीप ढकाल**
**प्रमुख कार्यकारी अधिकृत**
२०८२/०७/२२

## बिशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Bishal Saving & Credit Co-operative Society Ltd.

### २६ औं वार्षिक साधारण सभामा
### लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट
### संयोजक श्री रामकृष्ण दुवाडीज्यूबाट प्रस्तुत
### आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन

श्रद्धेय अध्यक्षज्यू,

निवर्तमान अध्यक्षज्यू, संचालक समितिका पदाधिकारीज्यूहरु, वरिष्ठ सल्लाहकारज्यू, कानुनी सल्लाहकारज्यू, सल्लाहकारज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु, लेखा सदस्यज्यूहरु, विषयगत उपसमितिका सदस्यज्यूहरु, शेयर सदस्यज्यूहरु, कर्मचारी मित्रहरुमा लेखा तथा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक नमस्कार व्यक्त गर्दछौं ।

लेखा सुपरिवेक्षण समितिले यस आर्थिक वर्षमा विभिन्न मितिमा ५ वटा वैठकहरु बसि गरेको आन्तरिक लेखा परिक्षण, निरिक्षण एवम् अनुगमनबाट र सहकारी ऐन २०७४, सहकारी मापदण्ड २०८२ र नियामक निकाद्धारा जारी निर्देशन र संस्थाको विनियममा उल्लेख लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार बमोजिम यो प्रतिवेदन तयार पारी यस गरिमामय सभा समक्ष पेश गरेका छौं ।

### १. सहकारी संस्थाको संक्षिप्त विवरण

| | | |
|---|---|---|
| संस्थाको नाम | : | विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड |
| ठेगाना | : | पोखरा महानगरपालिका-४, बुद्ध बिशालबजार, कास्की |
| कार्यक्षेत्र | : | कास्की जिल्लाभर |
| सेवाकेन्द्र | : | नरहेको |
| मुख्य कार्यालय | : | पोखरा महानगरपालिका-४, बुद्ध बिशालबजार |
| संस्थाले गर्ने मुख्य कारोबार | : | बचत तथा ऋण |
| अन्य गतिविधि तथा कारोबार | : | विभिन्न समाजिक क्रियाकलाप र गतिविधिहरु |

### २. अघिल्लो साधारण सभाका निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा

क. निर्वाचन सहितको मिति २०८० भाद्र २३ गते सम्पन्न २४ औं वार्षिक साधारण सभाले प्रदान गरेको अधिकार प्रयोग गरी आवश्यक निति कार्यविधि निर्माण भएको र नियामक निकायबाट प्राप्त निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको पाईयो । आजको वित्तिय बजारलाई मध्यनजर गर्दै संस्थाको कारोबारलाई डिजिटल प्रविधि मार्फत छिटो छरितो र सुरक्षित एवम् व्यवस्थित बनाउने निति अंगीकार गरेको पाईयो ।

ख. सुचना तथा संचार उपसमिति मार्फत संस्थाको वित्तिय तथा सामाजिक गतिविधिको जानकारी र जोखिम व्यवस्थापन उपसमिति मार्फत संस्थाको कारोबारलाई थप सुरक्षित तथा दिगो बनाउने रणनिति लिएको पायौं ।

ग. समग्र सहकारी व्यवसाय एवम् देशकै वित्तिय वातावरण आर्थिक मन्दिको अवस्था रहेता पनि संस्थाको अधिकांश सुचाङ्कहरु सकरात्मक रहेको पाईयो ।

### ३. समिति/उपसमितिहरूको बैठक संख्या र निर्णयको कार्यान्वयन सम्बन्धमा

क. आर्थिक वर्ष २०८१/०८२ मा समिति/उपसमिति एवम् कर्मचारीहरु बसेको बैठक संख्या यस प्रकार रहेको छ।

| विवरण | बैठक संख्या |
|---|---|
| संचालक समिति | १३ |
| लेखा सुपरिवेक्षण समिति | ५ |
| ऋण उपसमिति | १२ |
| शिक्षा उपसमिति | २ |
| स्वास्थ्य उपसमिति | ४ |
| महिला उपसमिति | २ |
| खेलकुद उपसमिति | १ |
| सूचना तथा सञ्चार उपसमिति | २ |
| जोखिम व्यवस्थापन उपसमिति | २ |
| युवा तथा सांस्कृतिक उपसमिति | २ |
| व्यवसाय प्रर्वद्धन उपसमिति | ४ |
| कर्मचारी बैठक | ११ |
| विस्तारित बैठक (संयुक्त) | १ |
| विस्तारित मञ्च भेला | १ |

ख. यस संस्थाको २५ औं वार्षिक साधारण सभाबाट पारित वार्षिक कार्ययोजना अन्तर्गतका २५ वटा कार्यक्रमहरु मध्ये ९०% कार्यक्रमहरु सम्बन्धित विषयगत उपसमितिहरु मार्फत पारित बजेट सिमा भित्र सम्पन्न भएका छन्।

### ४. ऋण लगानी प्रक्रिया एवम् धितो सुरक्षण सम्बन्धी व्यवस्था

क. संस्थाको ऋण निती बमोजिम लघु ऋण बाहेक अन्य ऋण लगानीमा आवश्यक धितो (सुरक्षण) लिएर मात्र ऋण उपसमितिको बैठक मार्फत सदस्यहरुमा ऋण लगानी भएको।

ख. संस्थाको रु. १०,००,०००/- (दश लाख) सम्म ऋण विभागबाट मूल्याङ्कन गरि जग्गा जमिन दृष्टिबन्धक मार्फत आय स्रोतलाई मध्यनजर गरि लगानी गरेको पाईयो। रु. १०,००,०००/- (दश लाख) भन्दा माथीको ऋणको सम्बन्धमा संस्थामा सूचीकृत भएका मूल्याङ्कनकर्ता कम्पनीहरुबाट मूल्याङ्कन गराई ऋण उपसमितिको सिफारिसमा सदस्यहरुलाई ऋण लगानी भएको।

ग. ऋण उपसमितिको रिपोर्ट बमोजिम यस अवधिमा ४१५ जना सदस्यज्यूहरुले संस्थाबाट ऋण लिएको देखियो। जुन कुल सदस्य संख्या १३८४ को करिब ३०% हुन आउँछ।

घ. संस्थाले यस आ.व. मा “ऋण असुली तथा धितो लिलाम कार्यविधि २०८०” निर्माण गरि खराब ऋणहरुको धितो लिलामी प्रक्रिया अगाडी बढाएको पार्यौं, तथापी सन्तोषजनक असुलीका निमित्त थप प्रभावकारी व्यवस्था मिलाउनुपर्ने देखिन्छ।

### ५. धितो सुरक्षणको प्रकार

क. बचत रकम धितो सुरक्षण

ख. घर/जग्गा धितो सुरक्षण

ग. सवारी साधन धितो सुरक्षण

### ६. सदस्य सेवा तथा सामाजिक उत्तरदायित्व

क. यस आर्थिक वर्षमा संस्थाले सदस्य राहत कोष कार्यविधि अनुसार सदस्य सेवा तथा राहत रकम प्रदान गरेको छ।

ख. रक्तदान, वृक्षारोपण, सामुदायिक विद्यालय सहयोग कार्यक्रम, वित्तिय साक्षरता कार्यक्रम, सामुदायिक चौतारी पुनः निर्माणमा सहयोग जस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रम संचालन गरी समग्र सहकारी अभियान प्रति नै सकरात्मक उर्जा प्रदान गरेको पाईयो।

ग. सहकारी संघहरुले आयेजना गरेको कार्यक्रममा सक्रिय रुपमा सहभागिता जनाएको पायौं।

**सहकारी विभाग/सहकारी रजिष्ट्रारको कार्यालय गण्डकी प्रदेश पोखरा वा सम्बन्धित संघले अनुगमन गरि दिएको निर्देशन सम्बन्धमा**

१. सहकारी नियामक निकाय तथा संघहरुले दिएको निर्देशन तथा सुझावहरुलाई पूर्ण रुपमा पालना गरेको छ। आन्तरिक लेखपरिक्षण्मा देखिएका कैफियतहरुलाई समय सापेक्ष विधिबाट कार्यान्वयन गरि सम्बन्धीत निकायलाई जानकारी गराएको।

### ७. सहकारी रजिष्ट्रारको कार्यलय गण्डकी प्रदेश पोखराबाट जारि गरिएको निर्देशन तथा पत्राचार सम्बन्धमा

क. गण्डकी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालय सहकारी रजिष्ट्रारको कार्यलय पोखराबाट गरिएको निरक्षण तथा जारी निर्देशन बमोजिम संस्थाले विस्तारित बैठक मार्फत बैठकका निर्णयहरु उतार गरि जवाफ पेश गरेको पाईयो।

### ८. पदाधिकारीहरूको पारिश्रमिक भत्ता र अन्य सुविधाहरूको सम्बन्धमा

- यस संस्थाका पदाधिकारीहरुले कुनै पनि किसिमको पारिश्रमिक लिएको पाईएन्।
- साधारण सभाले स्विकृत गरे बमोजिमको बैठक भत्ता बैठकमा उपस्थित भएमा लिने गरेको र उक्त बैठक भत्तामा नियमानुसार कर कट्टि गरिएको पाईयो।
- विस्तारित बैठक एवम्सामाजिक क्रियाकलापमा उपस्थित हुँदा स्वयम् सेवकको रुपमा उपस्थिति भई कार्य सम्पन्न गरेको पाईयो।
- आ.व. २०८०/८१ को तुलनामा यस आ.व. मा अत्यावश्यक बाहेक अन्य खर्चहरु कटौती भई मात्र १.१४% संचालन खर्चमा संस्थाले कारोवार संचालन गरेको पाईयो। यस प्रकार खर्चहरु कटौती गरी मितव्ययी रुपमा संस्था संचालन गर्नुभएकोमा संचालक समितिलाई धन्यवाद दिँदै यस कार्यलाई निरन्तरता दिन सुझाव प्रदान गर्दछौं।

### ९. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरु

क. साधारण सभाबाट पारित कर्मचारी प्रशासन नियमावली भए / नभएको - भएको

संस्थाले वार्षिक साधारण सभाबाट पारित कर्मचारी प्रशासन नियमावली लागु गरि सोही बमोजिम सेवा सुविधा, नियूक्ति गरी कर्मचारीहरुको व्यवस्थापन गरेको ।

ख. कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याईएको /नल्याएको -ल्याईएको

ग. कर्मचारी भर्ना प्रक्रिया पारदर्शी भए/नभएको - भएको

संचालक समितिले एक जना पदाधिकारी संयोजक रहने गरी ३ सदस्यीय पदपूर्ति उपसमिति गठन गरी कर्मचारीहरको नियूक्ति गर्ने गरेको ।

घ. संस्थामा कार्यरत कर्मचारीहरु विच कार्यबोझको तादम्यता मिले/नमिलेको - कार्यबोझ र तादम्यता मेल खाएको ।

ङ. प्रमुख कार्यकारी अधिकृतको योग्यता क्षमता सम्बन्धी विवरण

- शैक्षिक योग्यता स्नातक - अर्थशास्त्र (T.U)
- कार्यगत अनुभव - २५ वर्षको सहकारी व्यवस्थापन सम्बन्धी अनुभव

### १०. विषयगत तालिमहरु

- Training for Trainers - TOT - Nepal Government Department of Co-operative- Ktm 2012 April
- Capacity Building training for manger - TOT- IFCO - India - 2013
- Training Techniques for Trainers - SAARC Region - NCUI - India March 2014
- Building Transformative Leadership - TOT - ACCU-Thailand - 2019
- Credit Union Directors Competency Course (CUDCC) - 2024 May
- REWARD: Manager of the year 2013 Depart of cooperative Kaski, Gandaki

### ११. कर्मचारी संख्या

आ.व. २०८०/०८१ को आषाढ मसान्तसम्म संस्थामा निम्नानुसार कर्मचारी कार्यरत रहेको देखिन्छ।

| | | |
|---|---|---|
| स्थायी | - | ८ जना |
| अस्थायी | - | २ जना |
| करार | - | १ जना (सुरक्षा गार्ड) |
| **जम्मा** | **-** | **११ जना** |

### १२ संस्थाको लगानी

- ९० दिन भन्दा भन्दा बढीको बैंकहरुमा रहेको मुद्धती रकम रु. ८,००,००,०००/-
- राष्ट्रिय सहकारी बैंक लि. शेयर लगानी रु. ५१,००,०००/- (एकाउन्न लाख)
- नेपाल बचत तथा ऋण केन्द्रिय संघ लि. (नेफस्कुन) रु. १२,४००/- बाह्र हजार चार सय)
- जिल्ला सहकारी संघ लि. कास्की - १,००,०००/- (एक लाख)
- कास्की बचत तथा ऋण सहकारी संघ लि. - ५०००/- (पाँच हजार)

## १३. लेखा सुपरिवेक्षण समितिले यस अघि दिएका सुझावहरूको कार्यान्वयनको अवस्था

- लेखा समितिले यस आ.व. मा विभिन्न मितिमा बैठक बसी संचालक समिति विषयगत उपसमितिलाई दिएको सुझावहरुलाई ग्रहण गरेको पाईयो ।
- ऋण उपसमितिलाई खास गरी ऋण असुलिको निमित्त दिइएका सुझावहरु ग्रहण गरि खराब ऋणीहरुको प्रक्रिया अगाडी बढाएको पायौं । जसअनुसार चालु आ.व. बाट धितो लिलामी प्रकृया अगाडी बढाइएको छ ।
- भाखा नाघेको ऋणको व्यवस्थापन हालै राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्धारा जारी मापण्ड बमोजिम गरिएको देखियो ।
- उठ्न बाँकी ब्याजको सम्बन्धमा लक्ष्य अनुसार प्रगति देखिएन ।
- आर्थिक मन्दिका कारण ऋण लगानीको लक्ष्य पुरा भएको छैन ।
- उच्च स्तरका तालिमको सुझाव कार्यान्वयन गरेको छ । यस सन्दर्भमा संस्थाका अध्यक्षज्यूले उच्च स्तरको तालिममा सहभागिता जनाउनु भएको छ ।

## १४. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेको अन्य विवरणहरुः

- विश्वव्यापी पमा देखिएको आर्थिक मन्दिको प्रत्यक्ष असर हाम्रौं देशमा समेत प्रष्ट रुपमा परि व्यापार व्यवसाय अझ विशेष गरी घर जग्गा कारोबारमा आएको ह्रासको कारण सहकारी व्यवसायमा समेत चुनौती आएको हुँदा संस्थाले ऋण लगानी तथा असुलीमा थप सक्रियता देखाउन पर्ने छ ।
- सम्पति शुद्धिकरण निवारण ऐन बमोजिम कार्यान्वयन अधिकारीमा प्रमुख व्यवस्थापक श्री शिव प्रसाद भट्टराईलाई नियूक्त गरि कारोबारका प्रतिवेदनहरु नियमित रुपमा सम्बन्धित विभागमा पठाउने गरेको र अर्धवार्षिक रुपमा संचालक समितिमा यस विषयमा समिक्षा हुने गरको ।
- संचालक समिति, सल्लाहकारज्यूहरु एवम् संस्थामा कार्यरत, कर्मचारीहरु र सदस्यज्यूहरुको नाममा कुनै प्रकारको पेश्कि वा सापटी रकम लिएको देखिएन ।
- अन्तराष्ट्रिय सहकारी दिवसको अवसर पारेर विस्तारित बैठकबाट चालु आ.व. को वार्षिक निति कार्यक्रम तथा बजेट पारित गरेको पाईयो ।
- संस्थागत शुसासन एवम् दिगो रुपमा सहकारी संस्था संचालनको उद्देश्य अनुरुप संस्थाले यस आ.व. मा उपसमिति गठन तथा सञ्चालन कार्यविधि २०८२ र धितो मूल्याङ्कन कार्यविधि २०८२, कोष व्यवस्थापन नीति २०८२ र छात्रवृद्धि कोष व्यवस्थापन निर्देशिका २०८२ निर्माण गरेको पायौं ।
- वार्षिक साधारण सभालाई थप व्यवस्थित बनाउन वार्षिक साधारण सभा संचालन कार्यविधि २०८१ बनाएको पाईयो ।
- सहकारी व्यवसाय प्रति नकरात्मक सन्देशहरु फैलिरहेको सन्दर्भमा सहकारी शिक्षा एवम् प्रशिक्षण कार्यक्रम, वित्तिय साक्षरता सम्बन्धी कार्यक्रम र विस्तारित मन्चको आयोजना गरी संस्थाले सदस्यप्रतिको उत्तरदायित्व बहन गरेको र सदस्यज्यूहरु समेत कुनै प्रकारको भ्रममा नपरि सक्रिय रुपमा कारोबार गरिरहेको वित्तिय विवरणहरु हामीले प्राप्त गर्‍यौं । जसको कारण संस्थाको निक्षेप (बचत) बृद्धि भएको छ ।

- स्विकृति बजेटको सिमा भित्र रहेर खर्चका कार्यहरु गरेको पाईयो ।
- यस आ.व. संस्थामा कार्यरत कर्मचारीहरुको तलब भत्ता बृद्धि गरिएको छैन ।
- संस्थाको पोखरा-८, सिमलचौर स्थित उक्त खाली जमिन वार्षिक रु. ३,५०,०००/- (तीन लाख पचास हजार) पाउने गरि २ वर्षलाई भाडामा दिने सम्झौता गरेको छ ।
- संस्थाले संस्थाको सूचनाको निमित्त सूचना अधिकारी र सदस्यहरुको गुनासो सुनवाईको लागि गुनासो अधिकारीको नियुक्ती गरको छ ।
- संचालक समितिले विस्तारित बैठकहरुमा लेखा सुपरिवेक्षण समितिलाई आमन्त्रण गरि आफ्ना सुझावहरु प्रस्तुत गर्ने अवसर दिने गरेको छ ।

## १५. लेखा सुपरिवेक्षण समितिको सुझावहरू

१. संस्थामा रहेको अधिक तरताको समस्याको निमित्त संचालक समितिले तदारुकता देखाई प्रभावकारी उपाय अपनाउन सुझाव पेह गर्दछौं ।

२. सदस्य पहिचान फारम KYM (Know your member) नभर्ने, सदस्यहरुलाई सूचना जारी गर्ने र दिईएको समय सिमा भित्र संस्थामा उपस्थित नभएमा सदस्यता खारेजीको प्रक्रिया नियमानुसार बढाउने ।

३. वार्षिक साधारण सभामा सूचना प्राप्त भएर पनि लगातार ३ वर्ष अनुपस्थित हुने सदस्यहरुको सदस्यता खारेज गर्ने ।

४. सदस्यहरुको सुविधा एवम् संस्था विकासको निमित्त डिजिटल बैङ्किङ प्रणालीलाई थप सुरक्षित र व्यवस्थित बनाउने ।

५. ऋण लगानी बृद्धि गर्न बैकल्पिक क्षेत्रहरुको पहिचान गर्ने र साना ऋणिहरुलाई प्राथमिकता दिने ।

६. घर जग्गा कारोबार र सवारी साधन कर्जालाई न्यून प्राथमिकतामा राखी सोही बमोजिमको लगानी निति लिने ।

७. लघु ऋणको सम्बन्धमा एकाघर परिवारको सीमा तोक्ने ।

८. बचत तथा ऋण दुवै शिर्षक अन्तर्गत पूँजी कोषको नियमानुसार मात्र कारोबार गर्ने ।

९. भाखा नाघेको ऋण असुलीको निमित्त ऋण असुली कार्यविधि बमोमिज यथासिघ्र कारवाही अगाडी बढाउने ।

१०. नेपाल राष्ट्र बैंक तथा बित्तिय बजारमा चलेको बचत तथा ऋणको व्याजदरको अध्ययन गरि प्रत्येक महिना संचालक समितिको बैठकबाट ब्याजदर निर्धारण गर्ने ।

११. सहकारी विभाग एवम् गण्डकी प्रदेश सहकारी रजिष्ट्रारको कार्यालयबाट जारी निर्देशनहरुको अक्षरस पालना गर्ने ।

१२. सामाजिक उत्तरदायित्व कार्यहरु पालिकाहरुमा गर्न जोड दिने र संस्थाले सम्पन्न गरेका सामाजिक कार्यहरुको समिक्षा गर्ने । आवश्यक प्रचार-प्रसार गर्ने ।

१३. वित्तिय साक्षरता र सदस्य सहकारी शिक्षा कार्यक्रमलाई निरन्तरता दिने ।

१४. राष्ट्रिय सहकारी नियमन प्राधिकरणद्धारा जारी मापदण्डका सम्बन्धमा विज्ञ प्रशिक्षकलाई आमन्त्रण गरि तालिम संचालन गर्ने ।

**सदस्यज्यूहरु,**

हाम्रो समितिले सहकारी ऐन २०७४ बमोजिम सहकारी विभागले जारी गरेको निर्देशन र संस्थाको विनियम निती कार्यविधिको अधिनमा रहेर आन्तरिक लेखा परिक्षण तथा सुपरिवेक्षणका कार्यहरु सम्पन्न गरेका छौं । सहकारी व्यवसाय प्रति देखिएको चुनौती एवम् नकरात्मक सन्देशका बाबजुद यस संस्थाका सदस्यज्यूहरुले देखाउनुभएको विश्वास संस्थासंग सक्रिय रुपमा गर्नुभएको कारोबारका लागि हाम्रो समितिको तर्फबाट विशेष आभार एवम् धन्यवाद ज्ञापन गर्दछौं ।

अन्त्यमा यस कार्यमा सहयोग पुऱ्याउने व्यवस्थापनमा कार्यरत कर्मचारीज्यूहरु विभिन्न उपसमितिका सदस्यज्यूहरु र चौमासिक रुपमा आन्तरिक लेखा परिक्षण गरि व्यवस्थापकिय प्रतिवेदन पेश गर्नुहुने चार्टर एकाउन्टेन्ट बिमला थापाज्यूप्रति आभार व्यक्त गर्दै आजको सभाबाट यस प्रतिवेदन पारीत गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं । जय सहकारी । धन्यवाद !

जय विशाल ।

| | | |
|---|---|---|
| मोहनराज पौडेल | तारा बहादुर श्रेष्ठ | रामकृष्ण दुवाडी |
| सदस्य | सदस्य | संयोजक |

मितिः २०८२/०७/२२ गते, शनिबार

Goshali & Associates
Chartered Accountants
Nayabazar, Pokhara-8, Kaski, Nepal
061-544112 9856030092
goshali.associates@gmail.com

**श्री शेयर सदस्य महानुभावहरु**
**विशाल बचत तथा ऋण सहकारी संस्था लि.**
बुद्ध विशाल बजार, पोखरा-४, कास्की

**आ.व. २०८१/८२ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

हामीले यसै साथ संलग्न **श्री विशाल बचत तथा ऋण सहकारी संस्था लि.को** ३२ आषाढ २०८२ को वित्तीय स्थिति विवरण (वासलात) र सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को आय विवरण, नगद प्रवाह विवरण, ईक्वीटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेको छौं ।

**हाम्रो राय**

प्रस्तुत वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-NFRS) अनुरुप तयार भएको छैन । वित्तीय प्रतिवेदनको ढाँचा परिवर्तन हुंदा संक्रकणकालिन व्यवस्था अनुरुपको वित्तीय विवरणहरु तयार गरिएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखा नीतिहरुका आधारमा वित्तीय सुचनाको पहिचान, पुनर्स्थापना, प्रस्तुतिकरण र खुलासाको आवश्यकता पर्दछ । नेपाल वित्तीय सुचनाको पुनर्स्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

उल्लेखित विषयवस्तुको सारगर्भियताका कारण, हामीले नेपाल वित्तीय प्रतिवेदनमा अनुसारको वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नका लागि पर्याप्त एवं उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौ । त्यसकारण नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप तयार नभएको वित्तीय विवरणहरु उपर हामी राय दिदैनौं ।

**मौन रायका आधार (Basis Of Disclaimer Opinion)**

हामीले हाम्रो लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । लेखापरीक्षणको सर्वमान्य सिद्धान्त तथा नेपाल लेखापरीक्षण मानको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्न प्रमाणको छड्के परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो रायका लागि पर्याप्त तथा उचित आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा सहकारी संस्थाको लागि नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standards-**NFRS**) जारी गरिएको छ । जसअनुसार आ.व. २०८१/८२ को वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (**NFRS**) अनुरुप तयार पारी प्रस्तुत गर्नुपर्नेमा सो भएको छैन । यसरी नेपाल वित्तीय प्रतिवेदनमान (**NFRS**) अनुरुप आर्थिक विवरण तयार नहुँदा यसबाट वित्तीय विवरणमा पर्न सक्ने असर जुन सारभुतरुपमा वित्तीय विवरणमा परेको हुनसक्छ जसको समष्टिगत रुपमा यकिन गर्न सकिदैन ।

**आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक

Pokhara
Chartered Accountant

बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन्।
वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता (Going Concern) कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ । सुशासनसँग सम्वन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रक्रियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

**लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरू सम्पुर्ण रूपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभुत रूपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्थता प्राप्त गर्न र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । तर माथि हाम्रो **मौन रायका आधारमा (Basis Of Disclaimer Opinion)** उल्लेख गरिएको कारणको आधारले गर्दा, वित्तीय विवरणमा पर्न सक्ने असर जुन सारभुतरुपमा वित्तीय विवरणमा परेको हुनसक्छ जस्को समष्टिगत रुपमा यकिन गर्न सकिदैन ।
हामीले नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाद्वारा जारी गरिएको **नेपाल लेखापरीक्षण मान** को अधिनमा रहि लेखापरीक्षण सम्पन्न गरेका छौं । यस सहकारी संस्थामा हामी सँग सम्वन्धित कोही पनि व्यक्ति नातेदार नभएको र हामी लेखापरीक्षण गर्नका निम्ति स्वतन्त्र रहेका छौं । संस्थाको लेखापरीक्षण गर्दा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको नैतिक जिम्मेवारीको पालना गरेका छौं ।

**मन्तव्य**

हामी द्वारा सम्पन्न गरिएको परीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ पाएका छौं ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरु सहकारी विभागद्वारा लेखापरीक्षकले पेश गर्नुपर्ने लेखापरीक्षण लङ्ग फर्म प्रतिवेदनको बुँदा नं ४२ मा उल्लेखित टिप्पणीहरु बाहेक प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीति तथा टिप्पणीहरु संस्थाले राखेको हिसाव किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

घ) लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाव किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

ङ) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको कारोबार सन्तोषजनक रुपमा सञ्चालन भएको पायौं ।

**नि. गोशली एण्ड एसोसिएट्स**
चार्टर्ड एकाउन्टेन्ट्स

**सिए. अर्जुन गोशली**
(प्रोप्राइटर)

मितिः २०८२।०५।२१
स्थानः पोखरा, कास्की ।
UDIN नं : 250923CA00477wMDqu

# विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-४, बुद्ध विशाल बजार, कास्की

## वित्तीय स्थिति विवरण (आषाढ ३२, २०८२ को)

| विवरण | अनुसूची | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरण | ४ | ५३,११४,५३२.७९ | ५३,१२४,४४९.३० |
| लगानी हिसाब | ५ | ८५,२१७,४००.०० | १२,२१७,४००.०० |
| **जम्मा गैर चालु सम्पत्ति (क)** | | **१३८,३३१,९३२.७९** | **६५,३४१,८४९.३०** |
| **चालु सम्पत्ति** | | | |
| ऋण लगानी | ६ | ६७४,५१५,७८७.८१ | ६८७,६९५,५४१.५९ |
| अन्य चालु सम्पत्ति | ७ | ७,४२८,४२९.१९ | ९,६६१,७७३.४२ |
| नगद मौज्दात | | ९८१,५२२.०० | ६६९,२११.०० |
| बैंक मौज्दात | ८ | १७७,०२९,६८८.१८ | १९३,३४६,३९६.८१ |
| **जम्मा चालु सम्पत्ति** | | **८५९,९५५,४२७.१८** | **८९१,३७२,९२२.८२** |
| **जम्मा सम्पत्ति** | | **९९८,२८७,३५९.९६** | **९५६,७१४,७७२.१३** |
| **पूजि तथा दायित्वहरु** | | | |
| **पूजि तथा कोषहरु** | | | |
| शेयर पूँजी | ९ | ९८,१४६,५००.०० | १०६,३४८,०००.०० |
| साधारण जगेडा कोष | १० | ६९,२९६,६६१.८३ | ६७,३६१,६९६.८२ |
| अन्य कोषहरु | १० | ७,८१७,३०५.६९ | १६,२३४,५७०.८९ |
| **जम्मा पूँजी तथा कोषहरु** | | **१७५,२६०,४६७.५२** | **१८९,९४४,२६७.७२** |
| **दायित्व** | | | |
| निक्षेप हिसाब | ११ | ७६२,३३४,५६७.२३ | ७१८,७५०,७७७.१० |
| भुक्तानी दिनुपर्ने हिसाब | १२ | ३४,६३८,९८२.९२ | ३२,३३६,८८८.६५ |
| ऋण नोक्सानी कोष व्यवस्था | १३ | २६,०५३,३४२.२८ | १५,६८२,८३८.६६ |
| **जम्मा दायित्व हिसाब** | | **८२३,०२६,८९२.४३** | **७६६,७७०,५०४.४१** |
| **जम्मा कोष तथा दायित्वहरु** | | **९९८,२८७,३५९.९६** | **९५६,७१४,७७२.१३** |

| | |
|---|---|
| प्रमुख लेखा नीतिहरु | १-३ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रमुख कार्यकारी अधिकृत    कोषाध्यक्ष    सचिव    अध्यक्ष    चार्टर्ड एकाउण्टेण्ट

## विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-४, बुद्ध विशाल बजार, कास्की

### आय विवरण

मिति २०८१.०४.०१ देखि मिति २०८२.०३.३२ सम्मको

| विवरण | टिप्पणी | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| ऋण लगानीबाट प्राप्त ब्याज आम्दानी हिसाव | १४ | ७८,१४८,०१५.४६ | ९३,३७१,१२४.५३ |
| निक्षेपमा ब्याज खर्च हिसाव | १५ | ६१,३१८,४१५.८४ | ७१,२५१,४२३.३२ |
| **खुद ब्याज आम्दानी** | | **१६,८२९,५९९.६२** | **२२,११९,७०१.२१** |
| बैंक ब्याज आम्दानी | | ६,१३३,७४६.०९ | ७,६१६,७०७.७७ |
| अन्य संचालन आम्दानी | १६ | ५,३२३,९०६.०३ | ५,१५७,१७६.९८ |
| **कुल संचालन आम्दानी** | | **२८,२८७,२५१.७४** | **३४,८९३,५८५.९६** |
| कर्मचारी खर्च | १७ | ६,४१५,०८०.०० | ६,७८६,०९५.०० |
| प्रशासनिक खर्च | १८ | ४,८५९,७३२.०९ | ४,७५८,८१०.३० |
| मर्मत तथा सम्भार खर्च | १९ | ६८,६३२.०० | ४१,६३६.०० |
| **जम्मा खर्च** | | **११,३४३,४४४.०९** | **११,५८६,५४१.३०** |
| **ह्रासकट्टि खर्च अघिको संचालन मूनाफा** | | **१६,९४३,८०७.६५** | **२३,३०७,०४४.६६** |
| ह्रासकट्टि खर्च | ४ | १३५,७७७.५२ | १८३,६३१.३२ |
| **ऋण नोक्सानी कोष ब्यबस्था अघिको संचालन मूनाफा** | | **१६,८०८,०३०.१३** | **२३,१२३,४१३.३४** |
| ऋण नोक्सानी कोष व्यवस्था | १३ | १३,८१५,७००.११ | ५,५९०,५४६.४१ |
| गैर संचालन आम्दानी | | १६,६००.०० | २७,०९८.११ |
| **आयकर कट्टी गर्नू अघिको मूनाफा** | | **३,००८,९३०.०२** | **१७,५५९,९६५.०४** |
| कर्मचारी बोनस खर्च | | ३६६,१४३.३२ | १,५९४,२७०.६१ |
| **आयकर कट्टी गर्नू अघिको मूनाफा** | | **२,६४२,७८६.७०** | **१५,९६५,६९४.४३** |
| आयकर व्यवस्था | | ७३२,२८६.६३ | ३,१८८,५४१.२२ |
| गत वर्षको कर खर्च | | - | - |
| **खुद मूनाफा** | | **१,९१०,५००.०७** | **१२,७७७,१५३.२१** |

| | |
|---|---|
| प्रमुख लेखा नीतिहरु | १-३ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रमुख कार्यकारी अधिकृत कोषाध्यक्ष सचिव अध्यक्ष चार्टर्ड एकाउण्टेण्ट

# विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-४, बुद्ध विशाल बजार, कास्की

## नगद प्रवाह विवरण

(आ.व.२०८१/८२ मा)

| क्र.सं. | विवरण | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| १. | **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | |
| | कर अगाडिको नाफा | २,६४२,७८६.७० | १५,९६५,६९४.४३ |
| | जोडः ह्रासकट्टी खर्च | १३५,७७७.५२ | १८३,६३१.३२ |
| | **नाफा संचालन पुंजी समायोजन भन्दा अगाडि** | **२,७७८,५६४.२२** | **१६,१४९,३२५.७५** |
| | समायोजनः | | |
| | ऋण लगानीमा (घटी)/बढी | १३,१७९,७५३.७८ | (२६,५७५,२१३.१५) |
| | अन्य सम्पतिमा (घटी)/बढी | १,५०१,०५७.६० | (३,७४६,७३९.५७) |
| | निक्षेपमा (घटी)/बढी | ४३,५८३,७९०.१३ | ५९,४१२,३९३.२३ |
| | अन्य दायित्वमा (घटी)/बढी | २,३०२,०९४.२८ | ४,६०६,४२४.३० |
| | खराब कर्जा कोषमा (घटी)/बढी | १०,३७०,५०३.६२ | ५,५९०,५४६.४१ |
| | गत वर्षको कर तिरेको | - | (१,६८९,५९६.३४) |
| | **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | **७३,७१५,७६३.६३** | **५३,७४७,१४०.६३** |
| | | | |
| २ | **लगानी गतिविधिबाट नगद प्रवाह** | | |
| | क. स्थिर सम्पत्ति (खरिद) | (१२५,८६१.००) | - |
| | ख. लगानीमा (घटी)/बढी | (७३,०००,०००.००) | - |
| | **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(७३,१२५,८६१.००)** | **-** |
| | | | |
| ३ | **वित्तिय गतिविधिबाट नगद प्रवाह** | | |
| | क. शेयर पूँजीमा (घटी)/बढी | (८,२०१,५००.००) | ४,१०५,०००.०० |
| | ख. कोषहरुको वितरण | (८,७४१,८६०.२१) | (१२,२३५,३०४.१५) |
| | ग. कोषहरुमा बृद्धि | ३४९,०५९.९५ | २७०,०००.०० |
| | **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **(१६,५९४,३००.२६)** | **(७,८६०,३०४.१५)** |
| | | | |
| | नगद तथा बैंक मौज्दातमा बृद्धि (१ + २ + ३) | (१६,००४,३९७.६३) | ४५,८८६,८३६.४८ |
| | यस बर्षको शुरुमा नगद तथा बैंक मौज्दात | १९४,०१५,६०७.८१ | १५५,१२८,७७१.३३ |
| | **यस बर्षको अन्त्यमा नगद तथा बैंक मौज्दात** | **१७८,०११,२१०.१८** | **२०१,०१५,६०७.८१** |

| | |
|---|---|
| प्रमुख लेखा नीतिहरु | १-३ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | सचिव | अध्यक्ष | चार्टर्ड एकाउण्टेण्ट

## विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-४, बुद्ध विशाल बजार, कास्की

### इक्वीटि परिवर्तनको विवरण

आ.व. २०८१/८२ (१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म)

| विवरण | शेयर पूँजी | जगेडा कोष (२५%) | संरक्षित पूंजी फिर्ता कोष(२५%) | सहकारी प्रबर्द्धन कोष (०.५%) | शेयर लाभांस कोष (७५%) | सहकारी शिक्षा कोष (५%) | सहकारी विकास कोष (५%) | सामूदायिक विकास कोष (५%) | घाटापूर्ति कोष (५%) | सदस्य राहत कोष (५%) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरुको मौज्दात | १०६,३४८,०००.०० | ६७,३६१,६९६.८२ | २,३९५,७१६.२२ | ३७४,३८७.५९ | ६,२९५,४३८.८७ | ३५६,९६१.७२ | ३५६,९६१.७२ | ३५६,९६१.७२ | ४,०३२,५८४.५० | २,०६५,५५८.५६ | १८९,९४४,२६७.७२ |
| लेखा नितिमा भएको परिवर्तनको असर | - | - | - | - | - | - | - | - | - | - | - |
| परिवर्तित मौजाद/सम्पत्ति | - | ६४,०५९.९५ | - | - | - | - | - | - | - | - | ६४,०५९.९५ |
| चुक्तापुँजी फिर्ता | (१३,११७,५००.००) | - | - | - | - | - | - | - | - | - | (१३,११७,५००.००) |
| लगानीमा भएको थप वा घट मल्याङ्कन | - | - | - | - | - | - | - | - | - | - | - |
| सम्पत्तिमा भएका पुनर्मूल्याङ्कन | - | - | - | - | - | - | - | - | - | - | - |
| सदस्यहरुबाट भएको योगदान | - | - | - | - | - | - | - | - | - | - | - |
| आय विवरणमा नभएको नाफा/नोक्सान | - | - | - | - | - | - | - | - | - | - | - |
| शेयर जारी | ४,९१६,०००.०० | - | - | - | - | - | - | - | - | - | ४,९१६,०००.०० |
| संरक्षित पूंजी फिर्ता कोषबाट रकमान्तरण | - | - | (२९६,९८२.००) | - | २९६,९८२.०० | - | - | - | - | - | - |
| घर जग्गा कोषबाट रकमान्तरण | - | २८५,०००.०० | - | - | - | - | - | - | - | - | २८५,०००.०० |
| संरक्षित पूंजी फिर्ता कोषबाट रकमान्तरण | - | - | - | - | - | - | - | - | - | - | - |
| कोषबाट भएको भुक्तानी तथा खर्च | - | - | (१,५८९,७४२.३४) | - | (६,५९२,४२०.८७) | (५३,०००.००) | (३५४,०२७.००) | (६४,५७०.००) | - | (८८,१००.००) | (८,७४१,८६०.२१) |
| विभिन्न कोषको समायोजन | - | १,१०८,२८०.०४ | (५०८,९९१.८८) | - | - | (३०३,९६१.७२) | (२,९३४.७२) | (२९२,३९१.७२) | - | - | ०.०० |
| यस आ.ब.को खुद नाफा बाँडफाँड | - | ४७७,६२५.०२ | ३५८,२१८.७६ | ७,१६४.३८ | ८००,६१८.९३ | ५३,३७४.६० | ५३,३७४.६० | ५३,३७४.६० | ५३,३७४.६० | ५३,३७४.६० | १,९१०,५००.०७ |
| **अन्तिमको मौज्दात** | **९८,१४६,५००.००** | **६९,२९६,६६१.८३** | **३५८,२१८.७७** | **३८१,५५१.९६** | **८००,६१८.९३** | **५३,३७४.५९** | **५३,३७४.५९** | **५३,३७४.५९** | **४,०८५,९५९.०९** | **२,०३०,८३३.१५** | **१७५,२६०,४६७.५२** |

प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | सचिव | अध्यक्ष | चार्टर्ड एकाउण्टेण्ट

# विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा महानगरपालिका वार्ड नं. ४, बुद्ध विशालबजार, कास्की

**वित्तीय विवरण सम्बन्धि टिप्पणीहरु**

## १. संस्थाको परिचय :

**श्री विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड** वि.सं २०५७/०५/११ गते तत्कालिन सहकारी ऐन, २०४८ अनुसार स्थापना भएको सहकारी संस्था हो । संस्थाको कार्यक्षेत्र कास्की जिल्ला भरी रहेको छ । संस्थाको प्रधान कार्यालय कास्की जिल्लाको पोखरा महानगरपालिका-४ महेन्द्रपुलमा अवस्थित छ । संस्थाका सदस्यहरुलाई मितव्ययिता को भावना जागृत गराई नियमित रुपले बचत गर्ने बानीको विकास गर्ने, सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने, सदस्यहरुको आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशिल र आयमुलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको पूँजीको उपयोग वढाई सदस्यहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्धेश्यले यस संस्थाको स्थापना भएको हो । यस संस्थाको स्थायी लेखा नम्बर ३०३३४६५०२ रहेको छ । संस्थाको प्रमुख गतिविधिहरुमा बचत सकंलन, ऋण लगानी आदि पर्दछन् ।

## २. लेखाङ्न आधार तथा अनुपालना

### २.१ सम्बन्धित मानहरुको पालना

वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत अवधारणा, सर्वमान्य लेखा सिद्धान्त तथा सहकारीमा प्रचलित लेखा नीति, नेपाल लेखामान (NAS), सहकारी ऐन, नियमावली तथा निर्देशिका वमोजिम दोहोरो लेखा प्रणाली अनुसार तयार गरिएको छ । वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सानको विवरण, ईक्विटीमा भएको परिवर्तन सम्वन्धि विवरण, नगद प्रवाहको विवरण र लेखाङ्कनका टिप्पणीहरू समावेश गरिएका छन् । वार्पिक वित्तीय विवरण तयार गर्दा अपनाईएका प्रमुख लेखा नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

### २.२. विवरण एवं स्वीकृत

संलग्न वित्तीय विवरणले मिति २०८१ साल श्रावण १ गते देखि मिति २०८२ असार ३२ को अवधिलाई समेटि मिति २०८२ साल असार ३२ को वित्तीय अवस्था प्रस्तुत गरेको छ । उक्त वित्तीय विवरण र सो को २०८१ साल असार ३१ को वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा वार्षिक साधारण सभामा स्वीकृतीको लागि पेश गर्न सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ ।

### २.३ रकमको मुद्रा

संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ। आर्थिक विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैंयामा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो ।

### २.४ निरन्तरताको आधार

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा (Going Concern Basis ) चलिरहन्छ भन्ने क्षमताको समीक्षा गरेको छ । संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ । यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेष्ण गरेको छ ।

## ३. प्रमुख लेखा नीतिहरु

वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ ।वित्तीय विवरण ऐतिहासिक मूल्यमा तयार पारिएको छ । वित्तीय विवरणहरु निरन्तरताको आधारमा तयार गरिएको छ। लेखामान नीति र धारणाहरु लेखामान मानक अनुरुप लागु गरिएको छ र कुनै फरक नीति र धारणाहरु अपनाएको अवस्थामा त्यसलाई विशेष रुपमा उल्लेख गरिएको छ ।

### ३.१. नगद र बैंक मौज्दात

नगद र बैंक मौज्दातमा संस्थाले अल्पकालिन प्रतिबद्धता पूरा गर्न प्रयोग गर्ने नगद मौज्दात र बैंक तथा वित्तीय संस्थाहरुमा रहेको नगद मौज्दात पर्दछ । नगद र बैंक मौज्दातलाई वित्तीय स्थितिको विवरणमा किताबी लागतमा पहिचान गरिन्छ ।

**३.२ ऋण लगानी, शेयर लगानी नीति र ऋण नोक्सानी व्यवस्था :**

संस्थाले "ऋण लगानी तथा असूली नीति " अनुसार सदस्यलाई विभिन्न शिर्षकमा ऋण सापटी दिने तथा असुली गर्ने गरेको छ । संस्थाले लगानीमा रहेका सम्पुर्ण ऋणहरुलाई सहकारी विभागबाट जारी निर्देशन अनुसार असल, कमशल, शंकास्पद र खराब ऋणमा वर्गिकरण गरी क्रमशः १%, २५%, ५०% र १००% ले हुन आउने रकमलाई ऋण जोखिम व्यवस्था गर्ने नीति लिएको छ।

अन्य संघ/संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखाङ्कन गर्ने नीति लिएको छ ।

**३.३. सम्पत्ति तथा उपकरण**

३.३.१ वस्तुसँग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ र वस्तुको लागत विश्वासिलो तरिकाले मापन गर्न सकिन्छ भने सम्पत्ति र उपकरणको लागत मुल्यलाई शुरूमा सम्पत्तिको रुपमा लागतमा पहिचान गरिन्छ । लागतमा खरिद मुल्य, फिर्ता नहुने कर र सम्पत्तिलाई व्यवस्थापनले तोके अनुसारको स्थान र अवस्थामा ल्याउनको लागि लाग्ने खर्चमा भोल्यूम छूट र व्यापार छूट घटाए पछि आउने रकम पर्दछ ।

३.३.२ उपकरणहरूको कार्यक्षमतासँग अभिन्न अंशको रुपमा रहने सफ्टवेयरलाई उपकरणको अंशको रूपमा पूँजीकृत गरिएको छ । खर्च गरेको कारणले यदि भविष्यमा आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ भने पछिका खर्चहरु पनि पूँजीकृत गरिएको छ । सम्पत्तिलाई चलायमान राख्न गरिने मर्मत संभार कार्य खर्चमा गणना गरिन्छ । सम्पत्ति र उपकरणको निसर्ग हुँदा भएको कुनै लाभ वा नोक्सान (निसर्गको खुद प्राप्त रकम र वस्तुको किताबी मूल्यबीचको भिन्नताका रूपमा गणना गरिएको नाफा नोक्सान विवरणमा अन्य आयमा लेखांकन गरिएको छ ।

३.३.३ स्थिर सम्पत्तिमा ह्रासकट्टी घट्दो ह्रास प्रणालीको आधारमा आयकर ऐन, २०५८ अनुसार देहाय बमोजिमको दरले गरिएको छ ।

| समुह | विवरण | दर |
|---|---|---|
| क | भवन | ५ प्रतिशत |
| ख | कम्प्यूटर तथा प्रिन्टर | २५ प्रतिशत |
| ख | कार्यालय सामान तथा उपकरण | २५ प्रतिशत |
| घ | सवारी साधन | २० प्रतिशत |
| ङ | प्लान्ट एण्ड मशेनरी | १५ प्रतिशत |
| च | अदृश्य एवं लिजहोल्ड सम्पत्ति | प्रयोग हुने वर्षको आधारमा |

३.३.४ खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा ह्रासकट्टी गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ । सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको अपलेखन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि पाँच बर्ष हो ।

३.३.५ सम्पत्ति र उपकरणहरूको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोग वा निसर्गबाट आर्थिक लाभको आशा नभएमा सम्पत्ति र उपकरणहरूलाई पहिचानबाट हटाईएको छ ।

**३.४ आयकर दायित्व**

कर खर्चमा वर्तमान कर र स्थगन कर खर्च समावेश पर्दछ । चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिपोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ र अघिल्लो वर्षहरुमा तिर्नु पर्ने कर पनि समायोजन गरिन्छ । आयकर व्यवस्थाको लागि संस्थाको कर अघिको खूद मुनाफामा आयकर ऐन २०५८ र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खर्च, आम्दानीमा आवश्यक थपघट गरी आय निर्धारण गर्ने नीति लिएको छ । व्यवस्था गरिएको रकम बढी वा घटी हुन गएमा कर निर्धारण भएको सालमा

नाफा/नोक्सान हिसाबमा समायोजन गर्ने गरिन्छ । आर्थिक वर्षको अन्तिम मितिमा कर आधार र कितावी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन आयकर आर्थिक वर्षको अन्तिम मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ । तर हाल संस्थाले स्थगन कर गणना गरेको छैन ।

**३.५. सदस्यबाट निक्षेप**

संस्थाले आफ्ना सदस्यहरुबाट दैनिक, मासिक, आवधिक र अन्य खाताहरु (चल्ती बाहेक) अन्तर्गत निक्षेप स्वीकार गर्दछ जसले खातावालालाई रकम जम्मा गर्न र निकाल्न अनुमति दिन्छ । यी कारोबार संस्थाको खाताहरुमा रेकर्ड गरिएको छ र परिणाम स्वरूप बाँकी ब्यालेन्स संस्थाको दायित्वको रूपमा रेकर्ड गरिएको छ जुन रकम संस्थाले सदस्यलाई दिनुपर्ने रकमको प्रतिनिधित्व गर्दछ ।

**३.६. अन्य दायित्व तथा व्यवस्थाहरु**

संस्थाले आगामी एक आर्थिक वर्ष भित्र भुक्तानी भइसक्ने वा फछ्यौंट हुने दायित्वलाई चालु दायित्वमा मा लेखाङ्कन गर्ने नीति लिएको छ । त्यस्तै आर्थिक वर्ष २०८१/८२ मा हुन सक्ने सम्भावित खर्चहरुको सोहि वर्षमा व्यवस्था गर्ने नीति लिएको छ ।

**३.७. आम्दानीको लेखाङ्कन**

आम्दानी भनेको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसले ईक्विटीमा वृद्धि हुन्छ । आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना प्रबल भएमा र त्यसको उपयुक्त मापन गर्न सकेमा मात्र आम्दानीको लेखांकन गरिन्छ । आम्दानीको प्राप्तीको सम्भावना नरहेको अवधिमा आम्दानीको लेखांकन गरिएको छैन । आम्दानी अर्न्तगत ब्याज आम्दानी, लाभांश आम्दानी, विप्रेशण आम्दानी आदि पर्दछन् ।

**३.७.१. ब्याज आम्दानी**

संस्थाबाट लगानी गरिएको ऋण रकममा ब्याज हिसाव गर्दा ३६५ दिनलाई एक वर्ष मानी ब्याज गणना गरिएको छ । ऋण सापटीको ब्याज नगद आधार (Cash Basis ) मा आम्दानी जनाइएको छ ।

**३.७.२ लाभांश आम्दानी**

लाभांश प्राप्त गरिसकेपछि मात्रै आम्दानी जनाउने नीति रहेको छ ।

**३.७.३ अन्य आम्दानी**

अन्य आम्दानीको हकमा प्राप्त गर्ने हक स्थापित भइसकेको तर प्राप्त भइनसकेको आम्दानीलाई प्रोदभावी आधारमा (Accural Basis) मा आम्दानी जनाउने नीति लिएको छ ।

**३.८ खर्चको लेखांकन**

**क) निक्षेपमा ब्याज गणनाको आधार :** ब्याज दिनुपर्ने निक्षेप र सापटी खाताहरुमा ब्याज दिँदा र कर्जा सापटमा ब्याज लिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गर्ने नीति रहेको छ ।

(ख) **ब्याज खर्चको लेखाङ्कन नीति :** ब्याज तिर्नुपर्ने निक्षेप दायित्व तथा कर्जा सापटमा तिर्नु पर्ने ब्याज रकमलाई प्रोदभावी आधार (Accural Basis) मा लेखाङकन गर्ने गरिएको छ ।

**(ग) अन्य खर्चहरुको लेखाङ्कन नीति :** अन्य खर्चहरुलाई प्रोदभावी आधार (Accural Basis) मा खर्च जनाइएको छ ।

**३.९. शेयर पूँजी र कोषहरु**

शेयर पूँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । शेयर सदस्यहरुलाई वार्षिक साधारण सभामा मत राख्न सक्ने र पारित लाभांश पाउने अधिकार हुन्छ । संस्थामा साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिको शेयर रहेको छैन । सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संस्थाले आर्थिक वर्षको खूद मुनाफा रकमको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरेको छ । सहकारी ऐन, २०७४ को दफा ६९ र ७० मा भएको व्यवस्था अनुसार संस्थाले साधारण जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी प्रर्वद्धन कोषमा ०.५% रकम रकमान्तर गरिन्छ ।

## विशाल बचत तथा ऋण सहकारी संस्था लि.

बुद्ध विशाल बजार-४, पोखरा, कास्की

### स्थिर सम्पत्ति तथा ह्रासकट्टि विवरण (आ.व. २०८१/८२)

अनुसूची ४

| विवरण | ह्रासकट्टि दर % | परल मुल्य: गत वर्षको रु. | परल मुल्य: यस वर्षको खरिद | परल मुल्य: आयकर प्रयोजनका निमित्त | परल मुल्य: बिक्री | परल मुल्य: ह्रासयोग्य मुल्य | ह्रासकट्टी रकम | बांकी मुल्य यस आ.व.को | बांकी मुल्य गत आ.व.को |
|---|---|---|---|---|---|---|---|---|---|
| **समूह 'क'** | | | | | | | | | |
| जग्गा | ० | ५२,७५०,०००.०० | - | - | - | ५२,७५०,०००.०० | - | ५२,७५०,०००.०० | ५२,७५०,०००.०० |
| | | | | | | | | | |
| **समूह 'ख'** | | | | | | | | | |
| कम्प्युटर | २५ | १३६,६३५.६६ | - | - | - | १३६,६३५.६६ | ३४,१५८.९२ | १०२,४७६.७५ | १३६,६३५.६६ |
| फर्निचर | २५ | ८६,३२४.४४ | २२,८०१.०० | ७,६००.३३ | - | ९३,९२४.७८ | २३,४८१.१९ | ८५,६४४.२५ | ८६,३२४.४४ |
| इन्भर्टर ब्याट्री | २५ | १,७२७.५८ | - | - | - | १,७२७.५८ | ४३१.८९ | १,२९५.६८ | १,७२७.५८ |
| नोट काउन्टिङ मेसिन | २५ | ३२,८३३.४८ | - | - | - | ३२,८३३.४८ | ८,२०८.३७ | २४,६२५.११ | ३२,८३३.४८ |
| फेक नोट डिटेक्टर | २५ | - | ५,५५०.०० | ५,५५०.०० | - | ५,५५०.०० | १,३८७.५० | ४,१६२.५० | - |
| ल्यापटप | २५ | - | ७७,०००.०० | ७७,०००.०० | - | ७७,०००.०० | १९,२५०.०० | ५७,७५०.०० | - |
| प्रिन्टर | २५ | १४,७९८.५८ | - | - | - | १४,७९८.५८ | ३,६९९.६५ | ११,०९८.९४ | १४,७९८.५८ |
| अन्य स्थिर सम्पत्ति | २५ | ८९४.२१ | १६,५००.०० | ११,०००.०० | - | ११,८९४.२१ | २,९७३.५९ | १४,४२०.६२ | ८९४.२१ |
| ईन्टरकम | २५ | ३६,७८१.२५ | - | - | - | ३६,७८१.२५ | ९,१९५.३१ | २७,५८५.९४ | ३६,७८१.२५ |
| हाजिरी मेसिन | २५ | ३,८६७.१९ | - | - | - | ३,८६७.१९ | ९६६.८० | २,९००.३९ | ३,८६७.१९ |
| सि.सि क्यामरा | २५ | १५,१३४.७७ | ४,०१०.०० | १,३३६.६७ | - | १६,४७१.४३ | ४,११७.८६ | १५,०२६.९१ | १५,१३४.७७ |
| पंखा | २५ | १,१६०.१६ | - | - | - | १,१६०.१६ | २९०.०४ | ८७०.१२ | १,१६०.१६ |
| | | | | | | | | | |
| **समूह 'ग'** | | | | | | | | | |
| सवारी साधन | २० | ८,१३१.९९ | - | - | - | ८,१३१.९९ | १,६२६.४० | ६,५०५.५९ | ८,१३१.९९ |
| | | | | | | | | | |
| **समूह 'घ'** | | | | | | | | | |
| प्लान्ट तथा मेशिनरी | १५ | - | - | - | - | - | - | - | - |
| | | | | | | | | | |
| **समूह 'ङ'** | | | | | | | | | |
| सफ्टवयर (नया) | १ | १५,८२०.०० | - | - | - | १५,८२०.०० | १५,८२०.०० | - | १५,८२०.०० |
| सफ्टवेयर (मो.बैंकिङ्ग) | २ | २०,३४०.०० | - | - | - | २०,३४०.०० | १०,१७०.०० | १०,१७०.०० | २०,३४०.०० |
| **यस वर्षको मौज्दात (रु.)** | | **५३,१२४,४४९.३०** | **१२५,८६१.००** | **१०२,४८७.००** | **-** | **५३,२२६,९३६.३०** | **१३५,७७७.५२** | **५३,११४,५३२.७९** | **५३,१२४,४४९.३०** |

प्रमुख कार्यकारी अधिकृत    कोषाध्यक्ष    सचिव    अध्यक्ष    चार्टर्ड एकाउण्टेण्ट

## विशाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड

पोखरा-४, बुद्ध विशाल बजार, कास्की

**अनुसूची ५: लगानी हिसाब**

| क्र.सं. | विवरण | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| १ | राष्ट्रिय सहकारी बैंक लि. | ५,१००,०००.०० | ५,१००,०००.०० |
| २ | जिल्ला सहकारी संघ लिमिटेड | १००,०००.०० | १००,०००.०० |
| ३ | कास्की बचत तथा ऋण सहकारी संघ | ५,०००.०० | ५,०००.०० |
| ४ | नेफस्कून | १२,४००.०० | १२,४००.०० |
| ५ | **मुद्धती हिसाब (९० दिनभन्दा बढीको )** | | |
| ५.१ | राष्ट्रिय सहकारी बैंक लि. | - | ४,०००,०००.०० |
| ५.२ | गरिमा विकास बैंक लि. | ३०,०००,०००.०० | ३,०००,०००.०० |
| ५.३ | मुक्तिनाथ विकास बैंक लि. | ५०,०००,०००.०० | - |
| | **जम्मा** | **८५,२१७,४००.००** | **१२,२१७,४००.००** |

**अनुसूची ६: ऋण लगानी हिसाब**

| क्र.सं. | विवरण | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| १ | कृषि कर्जा | २०,२८८,०७२.९२ | १८,०५६,२२४.७० |
| २ | हायर पर्चेज कर्जा | १७,७९१,९७१.७९ | २६,१०७,९२२.५९ |
| ३ | आवास कर्जा | ५३,६२२,३९०.२३ | ५४,३८६,२२५.१६ |
| ४ | व्यावसायिक कर्जा | २१३,२०३,६७३.८८ | २००,६८१,६२९.७९ |
| ५ | शैक्षिक कर्जा | १५,८२०,१३७.८६ | ११,७५९,६८९.४६ |
| ६ | निक्षेप कर्जा | ४२,५०२,६५२.०१ | ५६,५०३,६५९.६७ |
| ७ | विविध कर्जा | ६४,३८७,२७२.८३ | ६०,३६९,८१२.८६ |
| ८ | सामाजिक कर्जा | ५४४,७३५.९९ | ७३९,६२६.५५ |
| ९ | वैदेशिक रोजगार कर्जा | ८,८९३,३३०.८४ | १२,१५९,७२७.५५ |
| १० | व्यक्तिगत कर्जा | ९२,५६७,५२१.२९ | ९३,७८०,१६२.१४ |
| ११ | स्वास्थ्य कर्जा | ४,०३०,४०१.५५ | ४,०३६,२०१.२६ |
| १२ | लघु कर्जा | २६,३७७,४७४.१६ | ४०,८३३,०७१.७९ |
| १३ | सरल कर्जा | २५,७२३,२४९.२५ | १८,९८२,७४६.५४ |
| १४ | अल्पकालिन कर्जा | ८८,७६२,९०३.२१ | ८९,२९८,८४१.५३ |
| | **जम्मा** | **६७४,५१५,७८७.८१** | **६८७,६९५,५४१.५९** |

**अनुसूची ७: अन्य सम्पत्ति**

| क्र.सं. | विवरण | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| १ | अग्रिम आयकर दाखिला टि.डि.एस. हिसाब सहित | ३,८२०,७७१.७९ | २,०६८,९३६.५७ |
| २ | ऋण लगानीमा पाउनु पर्ने ब्याज | ४७,२८३,८९४.६५ | ३३,९२५,९६६.७३ |
| | न्युन : ब्याज मुल्तबी हिसाब | (४४,७८३,८९४.६५) | (३३,९२५,९६६.७३) |
| ३ | अन्य पाउनुपर्ने हिसाब | ५८३,४८८.६० | ७,१२२,१२७.०१ |
| ४ | भवन निर्माणका लागि भएको खर्च | २८०,९५४.०० | २८०,९५४.०० |
| ५ | प्रिपेड इन्टरनेट खर्च | ९,०७६.०० | ९,०७७.०० |
| ६ | प्रिपेड विमा खर्च | २३,०६९.०० | ४५,८९५.०० |
| ७ | अन्य प्रिपेड खर्च | ९,९९५.०० | ३,०७८.०० |
| ८ | पेश्की हिसाब- मोबाइल बैंकिङ्ग | २०१,०७४.८० | १३१,७०५.८४ |
| | **जम्मा** | **७,४२८,४२९.१९** | **९,६६१,७७३.४२** |

प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | सचिव | अध्यक्ष | चार्टर्ड एकाउण्टेण्ट

**अनुसूची ८: बैंक मौजाद हिसाब**

| क्र.सं. | विवरण | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| १ | गरिमा विकास बैंक लि. | ७८,७९९,७७२.०९ | ८८,३१४,५१४.५३ |
| २ | नेपाल इनभेष्टमेन्ट मेगा बैंक लि. | २८८,५०९.४५ | ९,७४९,७७६.२८ |
| ३ | प्राइम कमर्सियल बैंक लि. | ४,०२५,६८७.७१ | २,९०८,७२१.६१ |
| ४ | राष्ट्रिय सहकारी बैंक लि. | ३१,१११,४३०.४३ | ५५,८१७,२००.०४ |
| ५ | लुम्बिनी विकास बैंक लि. | ३७,०२१,१३७.०० | २०,०६१,२९७.२५ |
| ६ | माछापुच्छ्रे बैंक लि. | ७०,६२८.४६ | २,३०३,८८६.०६ |
| ७ | मुक्तिनाथ विकास बैंक लि. | ९,८५७,३८८.४६ | २,१६९,९८६.४४ |
| ८ | एन.एम.बि. बैंक लि. | ८,७७१,७५१.६७ | १,३६५,९९७.८८ |
| ९ | हिमालयन बैंक लि. | ५,४२९.२२ | ५,४२९.२२ |
| १० | प्रोग्रेसिभ फाइनान्स लि. | १८१,२२१.६० | १,११९८,१४७.६४ |
| ११ | कामना सेवा विकास बैंक | ४,०५४,३९५.८९ | २,४५८,७३९.६० |
| १२ | एन.आई.सि. एसिया बैंक लि. | २,३८९,५२८.२७ | ५,९६५,५९१.९६ |
| १३ | नेफ्स्कून: | | |
| | १३.१ चालु खाता | ९६,२४३.१८ | ८१,४०५.०९ |
| | १३.२ लाभांश खाता | ७६,२६०.७० | ७५,७०२.२० |
| | १३.३ साधारण बचत खाता | २८०,३०४.०५ | ८७०,००१.०१ |
| | **जम्मा** | **१७७,०२९,६८८.१८** | **१९३,३४६,३९६.८१** |

**अनुसूची ९: शेयर पूँजी**

| क्र.सं | विवरण | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| १ | गत वर्ष सम्मको शेयर पूँजी | १०६,३४८,०००.०० | १०२,२४३,०००.०० |
| २ | यस वर्ष थप भएको शेयर पूँजी | ४,९१६,०००.०० | ५,५९९,५००.०० |
| ३ | यस वर्ष फिर्ता भएको शेयर पूँजी | (१३,११७,५००.००) | (१,४९४,५००.००) |
| | **जम्मा** | **९८,१४६,५००.००** | **१०६,३४८,०००.००** |

**अनुसूची १०: जगेडा तथा अन्य कोषहरु**

| क्र.सं | कोष | चालु आ.व.सम्मको | गत आ.व.सम्मको |
|---|---|---|---|
| १ | **जगेडा कोष (२५%)** | **६९,२९६,६६१.८३** | **६७,३६१,६९६.८२** |
| | **जगेडा कोष पछिको अन्य कोषहरु** | **७,८१७,३०५.६९** | **१६,२३४,५७०.८९** |
| २ | संरक्षित पूंजी फिर्ता कोष (२५%) | ३५८,२१८.७७ | २,३९५,७१६.२२ |
| ३ | सहकारी प्रवर्द्धन कोष (०.५%) | ३८१,५५१.९६ | ३७४,३८७.५९ |
| | **बाकी कोषहरुको रकम** | **७,०७७,५३४.९६** | **१३,४६४,४६७.०८** |
| ४ | शेयर लाभांस कोष (७५%) | ८००,६१८.९३ | ६,२९५,४३८.८७ |
| ५ | सहकारी विकास कोष (५%) | ५३,३७४.५९ | ३५६,९६१.७२ |
| ६ | सहकारी शिक्षा कोष (५%) | ५३,३७४.५९ | ३५६,९६१.७२ |
| ७ | घाटा पूर्ति कोष (५%) | ४,०८५,९५९.०९ | ४,०३२,५८४.५० |
| ८ | सामुदायिक विकास कोष (५%) | ५३,३७४.५९ | ३५६,९६१.७२ |
| ९ | सदस्य राहत कोष (५%) | २,०३०,८३३.१५ | २,०६५,५५८.५६ |
| | **जम्मा** | **७७,११३,९६७.५२** | **८३,५९६,२६७.७२** |

प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | सचिव | अध्यक्ष | चार्टर्ड एकाउण्टेण्ट

**अनुसूची ११: निक्षेप हिसाब**

| क्र.सं. | विवरण | यस वर्षको (रु) | गत वर्षको (रु) |
|---|---|---|---|
| | **१ वर्ष भन्दा बढिको आवधिक बचतः** | | |
| १ | आवधिक तथा क्रमिक वचत (२ बर्ष) | ४१,४४७,५३१.३१ | ३८,६८८,०५९.४४ |
| २ | आवधिक वचत (३ बर्ष) | ७,६१४,९७०.६९ | ८,०९५,९४४.७० |
